जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

मंगलमय शुभकामना

शुभ दीपावली, गोबर्द्धन पूजा, भाईटिकाको सुखद अवसरमा सम्पूर्ण पाठक, दर्शक, श्रोता, विज्ञापनदाता, शुभेच्छुकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

जनकपुर टुडे राष्ट्रिय दैनिक | रेडियो टुडे ९१ मेगाहर्ज | टी भी टुडे जनकपुर राष्ट्रिय च्यानल

**नोट:** तिहारको अवसरमा जनकपुर टुडेको कार्यालय आइतवारदेखि बुधवार सम्म विदा रहने छ। बिहीवार कार्यालय खुल्ने र शुक्रवार पत्रिका नियमित प्रकाशन हुनेछ। –प्रकाशक

वर्ष २५ • अंक १६९ • २०८० साल कार्त्तिक २६ गते आइतवार (12 November, Sunday, 2023) • पृष्ठ ८ • मूल्य रु. ५।–

### २६ हजारको बिजुली गुम
# मधेश प्रदेशमा चार हजार भन्दा बढीको लाइन काटियो

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल विद्युत् प्राधिकरणले समयमा विद्युत् महसुल नतिर्ने २६ हजार ग्राहकको लाइन काटेको छ । गत १२ कार्तिकबाट विद्युत् महसुल बक्यौता असुलीलाई देशभरि अभियानकै रूपमा चलाइरहेको प्राधिकरणले बिहीबारसम्ममा २६ हजार २ सय ४४ ग्राहकको लाइन काटेको छ। लाइन काटिएका ग्राहकको बक्यौता रकम करिब ६२ करोड रुपैयाँ छ । असुलउपर गर्नुपर्ने विद्युत् महसुल बक्यौता वृद्धि हुँदै गएपछि प्राधिकरणका देशभरिका वितरण केन्द्रहरूले महसुल नतिर्ने ग्राहकहरुको लाइन काट्न सुरु गरेका छन् ।

यसअवधिमा सबैभन्दा बढी मधेश प्रदेशमा लाइन काटिएको छ । मधेश प्रादेशिक कार्यालय, जनकपुर मातहतका वितरण केन्द्रहरुले ४ हजार ८ सय ५२ ग्राहकको लाइन काटेका छन् । ती ग्राहकको बक्यौता रकम १७ करोड ११ लाख रुपैयाँ रहेको छ । कोशी प्रादेशिक कार्यालय, विराटनगर मातहतका वितरण केन्द्रहरुले महसुल नतिर्ने ४ हजार ३ सय ३१ ग्राहकको लाइन काटेका छन् । ती ग्राहकहरुको बक्यौता रकम भने ९ करोड ८१ लाख रुपैयाँ रहेको छ ।

लुम्बिनी प्रदेश डिभिजनल कार्यालय, नेपालगञ्जमातहतका वितरण केन्द्रहरूले ४ हजार १८ ग्राहकको लाइन काटेका छन् । उनीहरुको बक्यौता रकम ३ करोड ८५ लाख रुपैयाँ छ । लुम्बिनी प्रादेशिक कार्यालय, बुटवल मातहतका वितरण केन्द्रहरुले ३ हजार ३ सय ५२ ग्राहकको लाइन काटेका छन् । उनीहरुको बक्यौता रकम ७ करोड ८५ लाख रुपैयाँ छ ।

वाग्मती प्रादेशिक कार्यालय, काठमाण्डु मातहतको वितरण केन्द्रहरुले २ हजार ७ सय ९३ ग्राहकको लाइन काटेका छन् । उनीहरुमाथि बक्यौता रकम ११ करोड ३४ लाख रुपैयाँ छ ।

गण्डकी प्रादेशिक कार्यालय, पोखराले महसुल नतिर्ने २ हजार ७ सय ५५ ग्राहकको लाइन काटेको छ । उनीहरुमाथि बक्यौता रकम ४ करोड ६ लाख रुपैयाँ छ । वाग्मती प्रदेश डिभिजनल कार्यालय, हेटौंडा मातहतका वितरण केन्द्रहरुले २ हजार १ सय ७७ ग्राहकको लाइन काटेका छन् । उनीहरुमाथि बक्यौता रकम ४ करोड ८२ लाख रुपैयाँ छ । सुदूरपश्चिम प्रादेशिक कार्यालय, अत्तरियामातहतका वितरण केन्द्रहरुले १ हजार ३ सय ४२ ग्राहकको लाइन काटेका छन् । त्यहाँ बक्यौता रकम २ करोड २७ लाख रुपैयाँ छ । त्यस्तै कर्णाली प्रादेशिक कार्यालय, सुर्खेतमातहतका वितरण केन्द्रहरूले ६ सय २४ ग्राहकको लाइन काटेका छन् । बक्यौता रकम ९१ लाख रुपैयाँ छ ।

प्राधिकरणले तिहारपछि बक्यौता असुलीलाई अझै सशक्त बनाउने जनाएको छ । विद्युत् महसुल संकलन विनियमावली, २०७८ बमोजिम मिटर रिडिङ भएको १६औं दिनदेखि थप दस्तुर आकर्षित हुने व्यवस्था छ । मिटर रिडिङ भएको मितिले १६औं दिनदेखि ३०औं दिनसम्म ५ प्रतिशतका दरले र ३१औं दिनदेखि ४०औं दिनसम्म १० प्रतिशतका दरले थप दस्तुर लाग्ने प्रावधान छ । मिटर रिडिङ भएको मितिले ४०औं दिनसम्म पनि विद्युत महसुल नबुझाउने उपभोक्तालाई ४१औं दिनदेखि विलको २५ प्रतिशतका दरले थप दस्तुर लाग्ने व्यवस्था छ ।

यसरी २५ प्रतिशतका दरले थप दस्तुर लागेको ६०औं दिनसम्म पनि बक्यौता महसुल नबुझाएमा लाइन काट्ने व्यवस्था छ । लाइन काटेको ६ महिनासम्म पनि बक्यौता महसुल नबुझाउने उपभोक्ताहरुलाई कालोसूचीमा राखी असुली प्रक्रिया अगाडि बढाउने प्रावधान छ ।

## विद्युत प्राधिकरण निरिह : प्रदीप यादव

**टुडे समाचारदाता**



जनकपुरधाम । नेपाल विद्युत् प्राधिकरणले लाइन काट्ने चलाएको अभियानप्रति प्रतिनिधिसभाका सदस्य तथा पूर्व वन मन्त्री प्रदीप यादवले निरिहताको परिकाष्ठा रहेको टिप्पणी गरेका छन् । उनले मुलुक भरका उद्योगीहरुमाथि २० अर्व भन्दा बढी विद्युत् महसुल असुल गर्न नेपाल विद्युत् प्राधिकरण असक्षम भएको बताएका छन् ।

मुलुक भरका उद्योगीहरुमाथि २० अर्व भन्दा बढी विद्युत महसुल बाँकी रहेको पटक पटक सदनमा आवाज उठाएका पूर्व मन्त्री यादवले सर्वसाधारणमाथि नियम लगाउने अनि ठूलालाई खोज तलासमेत गर्न नसक्नु विद्युत प्राधिकरणको विभेदकारी नीति रहेको बताए । उनले भने-'नेपाल विद्युत प्राधिकरण ठूला व्यवसायी सामू निरिह छन्, आम जनतालाई दुःख दिन रमाइलो लागेको छ । मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र भइ सके तर, दास प्रवृत्तिबाट उठन सकेन् । हिम्मत छ भने ठूला व्यापारीबाट महसुल असुलेर हेराओस ।'

ठूला व्यवसायीहरु महिनै पिच्छै सवारी साधन चेञ्ज गर्ने गर्छन् तर महसुल तिर्दैनन्, राज्यको रकमले मनोरञ्जन गर्ने छन् तर विद्युत प्राधिकरण त्यसतर्फ कहाँ हेर्छ ? ठूलालाई चयन र सानालाई ऐन भन्ने उखान विद्युत प्राधिकरणमाथि लागेको उनले आरोपसमेत लगाए ।

## बलरा क्षेत्रमा संगठित रूपमै बिजुली चोरी

**टुडे समाचारदाता**

जनकपुरधाम । सर्लाहीको बलरा नगरपालिका क्षेत्रमा संगठित रूपमै बिजुली चोरी भइरहेको पाइएको छ । नेपाल विद्युत प्राधिकरण मधेश प्रादेशिक कार्यालय, जनकपुरधामले आइतबार, सोमबार, मंगलबार र बुधबार बलरा नगरपालिकाको विभिन्न स्थानमा गरेको छड्के जाँचका क्रममा घरायसी तथा अन्य ग्राहकले गैरकानुनी रूपमा व्यापक बिजुली प्रयोग गरिरहेको फेला पारेको छ ।

प्रादेशिक कार्यालय जनकपुरधामले नमुनाका रुपमा एक सय ग्राहकको सिंगल तथा थ्रीफेज मिटरको छड्के जाँच गरेको थियो ।

त्यसमध्ये ४०भन्दा बढी ग्राहकले विद्युत् चोरी गरेको पाइएको कार्यालयका प्रमुख मुनिन्द्र ठाकुरले बताए । प्रमुख ठाकुरले विद्युत् वितरण लाइनबाट हुकिङ गर्ने, मिटर नराख्ने, राखेका मिटर पनि उल्टो पार्ने, मिटरमा प्वाल पारेर किला हालेर घुम्न नदिने, मिटरलाई बाइपास गरी विद्युत् प्रयोग गर्नेलगायतका गैरकानुनी क्रियाकलाप संगठित रूपमै भइरहेको पाइएको बताए । गैरकानुनी रूपमा विद्युत् प्रयोग गरिरहेका ग्राहकलाई जरिवानासहित हदैसम्मको कारबाही गर्न मलंगवा वितरण केन्द्रलाई निर्देशन दिइएको उनले बताए । उक्त केन्द्रको विद्युत् चुहावट ५२ प्रतिशत रहेको छ ।

कार्यालयले विद्युत् चोरेर प्रयोग गरिरहेको थ्रीफेजका दुईवटा राइस मिल र एउटा सिंचाइको ग्राहकलाई जरिवानासहित कारबाही गरेको छ । उक्त मिलहरूले मिटर बाइपास गरी विद्युत् प्रयोग गरिरहेका थिए । ब्रम्हबाबा जलउपभोक्ता समिति, धनकौलले ५० एमभीएको निजी ट्रान्सफर्मर जडान गरी बिना मिटर एक वर्षदेखि विद्युत् चोरेर प्रयोग गरिरहेको थियो । उक्त समितिलाई साढे ६१ हजार रुपैयाँ जरिवाना तिराइएको छ ।

### आज लक्ष्मी पूजा
## धनधान्यकी देवी लक्ष्मीको पूजा गरेर मनाइँदै

**टुडे समाचारदाता**



जनकपुरधाम । यमपञ्चक अर्थात् तिहारको तेस्रो दिन आइतबार साँझ ऐश्वर्य, धनधान्य र सम्पन्नताकी देवी लक्ष्मीको पूजा आराधना गरी श्रद्धा भक्तिपूर्वक लक्ष्मीपूजा पर्व मनाइँदैछ ।

सफासुग्घर र लिपपोत नगरिएको घरमा लक्ष्मीले बास गर्दिनन् भन्ने मान्यताका आधारमा बिहानै घर सफा सुग्घर र लिपपोत गरी दीपावली गरेर लक्ष्मीलाई आमन्त्रण गरिन्छ । विशेषगरी घरका झ्याल, ढोका, चोटा, कोठा, सञ्चार, कौसी, अटाली र भऱ्याङ लगायतका स्थानमा सरसफाइ गरी दीपावली गरिन्छ ।

लक्ष्मी पूजा गरिने कार्तिक कृष्ण औँसीको रातलाई सुखरात्रि पनि भनिन्छ । लक्ष्मी पूजाका लागि साँझ आँगनदेखि मूलढोका हुँदै लक्ष्मी स्थापना गरी पूजा गर्ने पूजा कोठासम्म गाईको गोबर र रातोमाटोले लिपपोत गरेर चामलको पीठो र अबिरले लक्ष्मीको पाइला बनाइ लक्ष्मी आउने बाटो देखाइन्छ । पाइलैपिच्छे केराको सुत्लो अथवा माटाको पालामा दीप प्रज्ज्वलन गरी झिलीमिली बनाइन्छ । दीपावली गरिसकेपछि पूजा कोठामा दियो, कलश र गणेशसहित लक्ष्मी स्थापना गरेर गरगहना, पैसा, धान, चामल, फलफूल, सेलरोटी र फूलमाला चढाइ विधिपूर्वक लक्ष्मीको पूजा गरिन्छ ।

लक्ष्मी पूजापछि कन्या केटी र छोरी चेलीलाई लक्ष्मीको प्रतीक मानी पूजा गरी दक्षिणासमेत दिने प्रचलन रहीआएको छ । घरमा लक्ष्मीपूजा गरेपछि धनदौलत वा अन्य सामान घर बाहिर पठाए लक्ष्मी बाहिर जान्छिन् भन्ने धार्मिक विश्वास छ ।

लक्ष्मी पूजा सन्ध्याकालमा गरी मध्यरातमा घरका नारीले नाङ्लो ठटाएर दुःख, दरिद्रता बाहिर जाओस र लक्ष्मी र धनधान्यको आगमन होस् भनी कामना गर्ने मान्यता रहेको छ ।

लक्ष्मी पूजाका अवसरमा शहर बजारमा दीपावली गरी झिलीमिली बनाइन्छ । परम्पराअनुसार कतै बिहान गाईको पूजा गर्ने प्रचलनसमेत छ । शास्त्रीयरुपमा भने औँसीपछि कार्तिक शुक्ल प्रतिपदा लागेपछि मात्र गाई पूजा गर्नुपर्ने उल्लेख जन विश्वास रहेको छ ।

हार्दिक शुभकामना

हिन्दुहरूको महान पर्व शुभ दिपावली तथा छठ पर्वको सुखद अवसरमा सम्पूर्ण प्रदेशवासी तथा देशवासीहरूमा सुख समृद्धि एवं उत्तरोत्तर प्रगतिको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं । यस पर्वले सामाजिक सद्भाव तथा भाईचारालाई थप सुमधुर तुल्याउन प्रेरणा प्रदान गरोस भनि कामना गर्दछौं ।



सरोज कुमार यादव
माननीय मुख्यमन्त्री
मधेश प्रदेश

हार्दिक शुभकामना

हिन्दुहरूको महान पर्व शुभ दिपावली तथा छठ पर्वको सुखद अवसरमा सम्पूर्ण पालिकावासी, प्रदेशवासी तथा देशवासीहरूमा सुख समृद्धि एवं उत्तरोत्तर प्रगतिको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं । यस पर्वले सामाजिक सद्भाव तथा भाईचारालाई थप सुमधुर तुल्याउन प्रेरणा प्रदान गरोस भनि कामना गर्दछौं ।

नोट : चाडपर्व हाम्रा सांस्कृतिक पहिचान भएकोले मद्यपान, जुवातास विकृतिको मुहान भएकोले त्यस्ता गतिविधीहरुमा संलग्न नहोऔं ।

धनौजी गाउँपालिका परिवार
धनौजी, धनुषा, मधेश प्रदेश

# हनुमान जयन्ती सम्पन्न




टुडे समाचारदाता

जनकपुरधाम । जनकपुरधाममा धुमधामका साथ हनुमान जयन्ती मनाइएको छ।

हनुमान जयन्तीको अवसरमा मिथिलाञ्चल सांस्कृतिक कला परिषदद्वारा जनकपुरधामस्थित युगलजोडी मन्दिर विहार कुञ्जमा हनुमान चालिसा पाठ, भजन किर्तन लगायतको कार्यक्रम गरिएको छ।

हनुमान जयन्तीको अवसरमा परिषदले रेल्वे स्टेशनबाट शोभा यात्रा निकाली नगर परिक्रमा समेत गरेको थियो । परिषदका अध्यक्ष शम्भु साहले हिन्दू धर्मावलम्बीहरु यमपञ्चकका बीच हनुमान जयन्ती पर्ने भएकाले ओझेलमा परिरहेको समयमा आफूहरुले भगवान हनुमानको जयन्ती भव्यतापूर्वक मनाउँदै आएको बताए । विगत १३ वर्षदेखि परिषदले हनुमान जयन्तीको अवसरमा विभिन्न कार्यक्रम गरी मनाउँदै आइरहेको उनले बताए। शोभा यात्रामा सयौंको संख्यामा हिन्दू धर्मावलम्बिसहित विभिन्न हिन्दूवादी संघ संस्थाका पदाधिकारी र सदस्यहरुको सहभागिता रहेको थियो।

# ठमेलमा सिसि क्यामरा जडान सुरु

काठमाण्डु। सङ्घीय राजधानी काठमाडौंको प्रमुख पर्यटकीय गन्तव्य ठमेलमा सिसि क्यामरा जडान सुरु गरिएको छ।

ठमेल पर्यटन विकास परिषद्को पहल तथा काठमाडौं महानगरपालिका र काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरीको सहयोगमा सिसी क्यामरा जडान सुरु गरिएको हो।

परिषद्का अध्यक्ष भविश्वर शर्माले ठमेल क्षेत्रको शान्ति सुरक्षा बलियो बनाई यस क्षेत्रलाई सफा, सुन्दर, सुरक्षित र व्यवस्थित बनाउनका लागि सिसि क्यामरा जडान सुरु गरिएको बताउनुभयो ।

उहाँका अनुसार ठमेलभित्रको लैनचौर मार्ग, क्षेत्रपाटी मार्ग, नर्सिङ चोक मार्ग, भगवतीबहाल मार्ग, चाक्सीबारी मार्ग, सातघुम्ती मार्ग, जेपी लाइन मार्ग र पर्यटन मार्गभित्र ११२ वटा सिसी क्यामरा जडान हुनेछन् । यसअघि काठमाडौं महानगर प्रहरी, काठमाडौं उपत्यका प्रहरी कार्यालय र ठमेल पर्यटन विकास परिषद्का प्रतिनिधिले ठमेल क्षेत्रभित्र आवश्यक पर्ने सिसी क्यामराको अध्ययन गरेको थियो।

ठमेल पर्यटन विकास परिषद्का उपाध्यक्ष सहदेव (विमल) धमलाले ठमेल क्षेत्रमा हुने आपराधिक क्रियाकलापलाई नियन्त्रणका लागि परिषद्को अगुवाइमा सिसी क्यामरा जडानलाई अगाडि बढाइएको बताउनुभयो।

विसं २०४७ मा ठमेल क्षेत्रको विकासका लागि स्थापना भएको परिषद्मा ठमेलभित्रका दुई हजारभन्दा बढी घरधनी तथा व्यवसायी आबद्ध छन् । उक्त परिषद्ले ठमेल क्षेत्रको विकासका क्षेत्रमा काम गर्दै आइरहेको छ ।रासस

# भूकम्पका कारण करिब रु एक करोड ९० लाखका पशुपन्छीको क्षति

काठमाण्डु। भूकम्पका कारण जाजरकोट र रुकुम पश्चिममा गरी करिब रु एक करोड ९० लाखका पशुपन्छीको क्षति भएको छ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयले भूकम्पमा परी मरेका गाई, गोरु, राँगा, भैंसी, भेडा, बाख्रा तथा पन्छीको मूल्यलाई औसतमा मूल्याङ्कन गरी क्षतिको उक्त विवरण निकालेको हो। मन्त्रालयका सहसचिव एवं प्रवक्ता शवनम सिवाकोटीले जाजरकोटमा सबैभन्दा धेरै पशुपन्छीको क्षति भएको बताउनुभयो। उहाँका अनुसार उक्त क्षेत्रमा रु एक करोड सात लाख बराबरको क्षति भएको मूल्याङ्कन गरिएको छ । दुवै जिल्लामा छ सय छ घाइते पशुको उपचारसमेत गरिएको छ छ भने जाजरकोटमा मात्रै पाँच सय ९२ पशुको उपचार गरिएको छ । उहाँका अनुसार भण्डारण गरिएका धान, गहुँ, मकै, कोदोलगायतको क्षति विवरण सुरु गरिएको छ। कृषि बाली तथा पशुपन्छी बीमा भएका कृषकको क्षतिपूर्ति दाबी बीमा कम्पनीबाट हुनेछ । विवरणका आधारमा क्षतिपूर्ति उपलब्ध गराउन आवश्यक मापदण्ड बनाइने उहाँको भनाइ छ। प्रदेश तथा स्थानीय तहले पनि क्षतिपूर्ति उपलब्ध गराउने मापदण्ड बनाएको भन्दै प्रभावितलाई एकद्वार प्रणालीमार्फत सो प्रदान गरिने उहाँले जानकारी दिनुभयो।

मन्त्रालयले भूकम्पबाट प्रभावित क्षेत्रमा विशेषज्ञ टोली खटाएको थियो। भूकम्पबाट प्रभावित पशुपन्छीको उपचारका लागि मन्त्रालयले चार जना पशु चिकित्सकसहितको दुई टोली प्रभावित क्षेत्रमा पठाएको पशु चिकित्सक पूर्ण बुढाले जानकारी दिनुभयो । मन्त्रालयका पशुपन्छी अधिकृत पूर्ण बुढाका अनुसार पशुपन्छी रोग अन्वेषण प्रयोगशाला सुर्खेतबाट डा लक्ष्मीनारायण दास नेतृत्वको टोली जाजरकोट, डा राकेश प्रजापतिको नेतृत्वको टोली रुकुम पश्चिम पठाइएको छ।

उक्त टोली प्रभावित क्षेत्रका पशुपन्छीको उपचारमा खटेको थियो। स्थानीय र प्रदेश सरकार मातहतका पशु स्वास्थ्यकर्मीको समेत परिचालन गरी पशुपन्छीको उपचारमा लाग्ने टोलीले जनाएको छ । भूकम्पबाट जाजरकोट र रुकुम पश्चिममा ठूलो जनधनको क्षति भएको थियो।

पशु सेवा विभागले प्रदेश मातहतका पशु अस्पताल तथा पशु सेवा कार्यालय जाजरकोट र रुकुम पश्चिमलाई क्षतिको विवरण सङ्कलन गर्न निर्देशन दिइएको थियो ।रासस

# २ सय बालबालिकालाई पोशाक वितरण



टुडे समाचारदाता

राजविराज । विपन्न परिवारका बालबालिकालाई नियमित विद्यालय जान प्रोत्साहन रुवरुप एक समाजसेवीले शनिबार दुई सय बालबालिकालाई नीजि खर्चमा कपडा वितरण गरेका छन्। सप्तरीको रुपनी गाउँपालिका ६ वीरेन्द्र बजारका रंजित भगतले सोही गाउँपालिका १ रायपुरको विपन्न बस्तीका गरिब, असाहय, विपन्न र दलित परिवारका दुई सय बालबालिकालाई २ सय सेट कपडा वितरण गरेका छन्।

उनले एक वर्षदेखि १० वर्ष उमेर समूहका बालबालिकालाई भेस्ट र हाफ पाइन्ट वितरण गरेका छन् । स्थानीयवासी भागवत प्रसाद यादवका अनुसार समाजसेवी भगतले वितरण गरेको न्यानो कपडा पाउनेमा मुस्लिम समुदायका ८० र हिन्दु समुदायका १ सय २० बालबालिका रहेका छन् । भगतले वितरण गरेका कपडाले यहाँका धेरै गरिब, असहाय परिवारलाई राहत मिलेको तथा विपन्न परिवारका बालबालिकालाई विद्यालय जान प्रोत्साहन मिलेको उनले बताए।

विपन्न बालबालिकाको अवस्था बारे स्थानीयले जानकारी गराएपछि सहयोग लिएर आएको हुँ, पोशाक वितरण गरेका भगतले भने, "छोरा छोरीलाई शिक्षा दिने रहर हुँदाहुँदै आर्थिक अभावका कारण रहर पूरा गर्न नसकेका गरिब असहाय परिवारका अभिभावकलाई थोरै भए पनि सहयोग पुऱ्याउने प्रयास गरेका छौं।"

पर्व त्योहारका बेला गरिब असहायलाई मानवीय सहायता गर्दा एकातिर उनीहरुका सन्तानलाई विद्यालय जान प्रोत्साहन मिल्ने र अर्कोतिर आफूलाई पुण्य प्राप्ति हुने विश्वास समेत राखेको उनको भनाइ छ।

भगतले यस अघि रुपनी गाउँपालिकाको विभिन्न विद्यालय तथा विपन्न बस्तीमै पुगेर झण्डै १ हजार बालबालिकालाई शैक्षिक तथा खेलकुद सामग्री वितरण गरिसकेका छन्।

# विभिन्न देशका राष्ट्रप्रमुखबाट समवेदना

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेललाई जाजरकोट केन्द्रबिन्दु भएर गएको विनाशकारी भूकम्पमा परी भएको जनधनको क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दै विभिन्न देशका राष्ट्रप्रमुखले समवेदना सन्देश पठाउनुभएको छ।

जर्मनीका राष्ट्रपति फ्रान्क वाल्टर स्टेनमेयर Frank Walter Qmenmeier, चेक गणतन्त्रका राष्ट्रपति पिटर पावेल Peter Pavel, अष्ट्रियाका राष्ट्रपति अलेक्जेण्डर भान दर बेलेन lAexander Van Der Blleen, निकारागुआका राष्ट्रपति ड्यानियल ओर्टेगा साभेद्रा Daniel Ortega Saavedra, कतारका अमिर शेख तमिम विन हमाद अल थानी Sheikh Tamim Bin Hamad lA–Thanif र स्पेनका पेद्रो सान्चेज Pedro Sanchez ले छुट्टाछुट्टै समवेदना सन्देशको पठाउनुभएको हो । उहाँहरुले भूकम्पपीडित परिवारप्रति समवेदना तथा घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गर्नुभएको छ।

सन्देशमा राष्ट्रप्रमुखहरुले प्राकृतिक विपत्तिको यस घडीमा आफ्नो देश, जनता र सरकारकोतर्फबाट सहानुभूति प्रकट गर्दै राहत तथा पुनःस्थापनाको काममा आवश्यक सहयोगका लागि सदैव तयार रहेको उल्लेख गर्नुभएको राष्ट्रपति पौडेलका प्रेस सल्लाहकार किरण पोखरेलले जानकारी दिनुभयो ।रासस

# प्रतिभा पुरस्कार पोखरेललाई

काठमाण्डु। विसं २०७९ को हरि अभिनव विद्वत् प्रतिभा पुरस्कार शुक्ल यजुर्वेदमा विद्यावारिधि गर्नुभएका प्रा डा ऋषिराम पोखरेललाई प्रदान गरिएको छ। अभिनव साहित्य समाजले शनिबार जोरपाटीमा आयोजना गरेको कार्यक्रममा गोकर्णेश्वर नगरपालिकाका प्रमुख दीपककुमार रिसालले पोखरेलाई सम्मान पत्र, नगद रु ३० हजार र दोसल्लाले सम्मानित गर्नुभयो।

तीन दशकसम्म नेपाल संस्कृत विश्वविद्यालय वाल्मीकि विद्यापीठमा शुक्ल यजुर्वेदको अध्यापन गर्नुभएका पोखरेलले सोही विषयमा नेपाली अनुवादसहित पुस्तक प्रकाशन गर्नुभएको छ। शुक्ल यजुर्वेदको सो पुस्तक नेपाल प्रज्ञा प्रतिष्ठानले प्रकाशन गरेको हो ।रासस

# सदन, सरकार र आफ्नै कामबाटसमेत सन्तुष्ट छैन : नेता आले



काठमाण्डु। सांसद प्रेमबहादुर आलेले आफू संसद्, सरकार र आफ्नै कामबाट समेत सन्तुष्ट नरहेको टिप्पणी गर्नुभएको छ। गत मङ्सिरमा सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा डोटीबाट निर्वाचित हुनुभएका सांसद आलेले पछिल्लो एक वर्षको समीक्षा गर्दा सन्तोष गर्ने पर्याप्त ठाउँ नरहेको विश्लेषण गर्नुहुन्छ।

'सांसदसँग रासस संवाद' का क्रममा नेकपा ९एकीकृत समाजवादी०का नेता सांसद आलेले निर्वाचन यताका आफूले आफ्नो निर्वाचन क्षेत्रका जनतालाई गरेको प्रतिबद्धताअनुसार काम गर्न नसकेको स्वीकार्नुभयो । "सत्तापक्षकै सांसदको हैसियतले बोलिरहँदा म पछिल्लो एक वर्षको कार्यकालबाट खासै सन्तुष्ट छैन। जनता पनि खुसी छैनन्। चुनावयता मैले मुख्यगरी दुईवटा विषय उठाएको थिए। तर ती पूरा भएनन", सांसद आलेले भन्नुभयो, "तर मलाई विश्वास छ, मैले उठाएका यी दुई मुद्दा पाँच वर्षभित्र पूरा हुने छन्।"

सांसद आलेले आफूले निर्वाचनका क्रममा पश्चिम सेती नदीमा तटबन्ध निर्माण गर्ने र धनगढी-दीपायल-बझाङ-ताक्लाकोट सडकलाई राष्ट्रिय गौरवको आयोजनाका रुपमा अघि बढाउने वाचा आफ्ना मतदातासँग गरेको उल्लेख गर्नुभयो। यी दुवै आयोजनाका लागि आफूले पहल गरेको भए पनि उल्लेख्य उपलब्धि हासिल गर्न नसकेको उहाँको भनाइ छ।

नेपाल, भारत र चीन जोड्ने सडकका रुपमा दीपायल-चैनपुर-ताक्लाकोट सडक बनाउन सके नेपाली सीमाबाट कैलाश मानसरोवर करिब ७० किलोमिटर मात्रै टाढा पर्ने भएकाले यो सडक आयोजना निकै महत्वपूर्ण रहेको सांसद आले बताउनुहुन्छ। यी दुई आयोजनाका लागि बजेट छुट्याइदिन आफूले अर्थमन्त्रीसँग आग्रह गरेको भए पनि वार्षिक बजेटमा नपरेको उहाँको गुनासो छ।

सांसद आले यसअघि २०७० सालमा डोटी निर्वाचन क्षेत्र नम्बर २ बाट संविधानसभा सदस्य र २०७४ सालको निर्वाचनमा डोटी निर्वाचन क्षेत्र नम्बर १ बाट निर्वाचित हुनुभएको थियो । हक्की स्वभाव र स्पष्ट धारणा राख्ने सांसदका रुपमा चिनिनुहुने आले संसद्को प्रभावकारिताका लागि सरकार, प्रतिपक्षसँगै कर्मचारी संयन्त्रको पनि ठूलो भूमिका रहने बताउनुहुन्छ। त्यस्तै, चाँडो-चाँडो सरकार र मन्त्री फेरिने अवस्थाले पनि प्रस्तावित कानुन निर्माणमा ढिलाइ भएको उहाँको बुझाइ छ।

"विधेयक बनाउन कर्मचारी र सम्बन्धित मन्त्रालयको मन्त्री सक्रिय हुनुपर्छ। तर राष्ट्रसेवक कर्मचारीले समयमा विधेयक नबनाउँदा ढिलाइ हुने गरेको छ", आले भन्नुहुन्छ, "मन्त्रिमण्डल चाँडो-चाँडो फेरिरहँदा पनि विधेयक आउन सकेका छैनन् । एउटा मन्त्रीले काम अघि बढाएको हुन्छ। अर्को मन्त्री आएपछि त्यसमा फेरि समय लाग्छ। त्यो समस्या मैले देखेको छु । उदाहरणका लागि निजामती कर्मचारी विधेयकलाई लिन सक्छौं।"

त्यस्तै, संसद्का गतिविधिलाई प्रभावकारी र नतिजामुखी बनाउन सरकार र प्रतिपक्ष पनि उत्तिकै जिम्मेवार हुनुपर्ने सांसद आले बताउनुहुन्छ। "कतिपय कुरामा सरकार पनि चुकेको छ। सरकार चुकेपछि प्रतिपक्षबाट अवरोध हुने नै भयो। संसदीय व्यवस्थामा त्यसलाई अन्यथा मान्न हुँदैन", उहाँ भन्नुहुन्छ, "प्रमुख प्रतिपक्ष 'वेटिङ गभर्मेन्ट' हो । त्यसकारण विरोध प्रतिपक्षको धर्म नै हो। तर सबै कुरा अवरोध गरेर मात्रै पनि पूरा हुँदैन । कतिपय कुराहरु वार्ताबाट पनि समाधान गर्नुपर्छ।"

सत्तापक्ष र प्रतिपक्षबीच वार्ता र समन्वयको वातावरण बनाउन सक्ने व्यक्ति पनि आवश्यक हुने उहाँको बुझाइ छ। स्व सुवास नेम्वाङले विगतका वर्षहरुमा त्यस्तो भूमिका निर्वाह गर्ने गरेको स्मरण गर्नुहुँदै सांसद आलेले अबका दिनमा त्यो अभाव खड्किने देखिएको बताउनुभयो।

नागरिकका जनजीविकासँग जोडिएका निकै कम विषय मात्र संसद्मा उठ्ने गरेको र संसद्मा प्रवेश पाएका विषयको कार्यान्वयनको प्रभावकारितामा पनि प्रश्न उठ्ने गरेको छ। सांसद आले पनि यसमा सहमत हुनुहुन्छ । "दुर्गम जिल्लामा हवाई सेवा नहुँदा नागरिकले सास्ती पाएकोबारे संसद्मा कुरा उठेपछि म पर्यटनमन्त्री हुँदा धेरैवटा जिल्लामा नेपाल वायुसेवा निगमको सानो जहाज उडान गर्ने व्यवस्था गरेको थिए । हुम्ला, जुम्ला, कालीकोट, अछाम, बाजुरा, डोटीलगायतका जिल्लामा वायुसेवा निगमको ट्विनअटर जहाज जान्थ्यो । तर म मन्त्रीबाट हटेपछि जहाज पनि रोकियो", उहाँले भन्नुभयो, "जनताको करबाट किनेको जहाज जनताकै लागि प्रयोग गर्नुपर्छ भनेर पटक-पटक भनेको छु। त्यस्तै दसैं, तिहारको समयमा खाद्यलगायत उपभोग्य वस्तुमा अचाक्ली मूल्यवृद्धि भएका विषय संसद्मा उठेका छन्।"

संसदीय समितिले पनि आ-आफ्नो जिम्मेवारी गम्भीर भएर निभाउनुपर्ने उहाँको सुझाव छ । आफू सदस्य रहेको सार्वजनिक लेखा समितिले थुप्रै आर्थिक अनियमितताका कुराको अध्ययन गरेर दोषीलाई कानुनी कठघरामा ल्याउने काम पनि गरेको आले बताउनुहुन्छ। "वैज्ञानिक वन व्यवस्थापनको नाममा जङ्गल मासिँदै थियो । त्यसबारे लेखा समितिले अध्ययन गरेर त्यो कार्यक्रम नै रोक्न निर्देशन दियो। म वन तथा वातावरणमन्त्री भएको बेला नै मैले वैज्ञानिक वन खारेजको प्रस्ताव मन्त्रिपरिषद्मा लगेर निर्णय गराए", उहाँ भन्नुहुन्छ, "अहिले पनि डेडिकेटेड र ट्रङ्कलाइनको बक्यौता विद्युत् महसुलको विषय, चुरे क्षेत्र उत्खनन गरेर ढुङ्गा, गिट्टी निकासी गर्नेलगायतका विषय समितिमा आएका छन् । भष्ट्राचारका मुद्दा हामीले उठाइरहेका छौं । समिति सक्रिय छ । संसदीय समितिमार्फत काम भएका छन् । नभएका होइनन्।"

अहिले देश आर्थिकमन्दीको अवस्थामा छ । यस्तो जटिल अवस्थामा पनि केही राजनीतिज्ञ र उद्योगी(व्यवसायीको मिलेमतोमा राज्य सम्पत्तिको दुरुपयोग तथा कानुनविपरीतका काम भइरहेको सांसद आले बताउनुहुन्छ । डेडिकेटेड ट्रङ्कलाइनको मात्र करिब रू २० अर्ब महसुल बक्यौता राज्यले उठाउन नसकेको उल्लेख गर्नुहुँदै आलेले निजी क्षेत्रका छाता सङ्गठनले पनि राष्ट्रको हितमा काम गर्नुको साटो विचौलियाको काम गरिरहेको आरोप लगाउनुभयो।

"केही नेता र उद्योगी व्यवसायी मिलेर राज्य शक्तिको दुरुपयोग गर्ने तथा उद्योगी व्यवसायीले विचौलियाको काम गर्ने हाम्रो देशका लागि दुर्भाग्य हो । राज्यले आफ्नो कर असुल गर्नैपर्छ। अझै पनि यो विषयमा राजनीतिक दल, तिनका नेता र राज्य संयन्त्र गम्भीर हुन जरुरी छ", आलेले भन्नुभयो ।रासस

## तपाईंको आज
पण्डित : बम जी

| | |
|---|---|
| मेष | : शिक्षामा उन्नति। |
| बृष | : धन वृद्धि सञ्चय। |
| मिथून | : बौद्धिक क्षमता। |
| कर्कट | : पारिवाहिक सुख। |
| सिंह | : नयाँ कार्य हुने। |
| कन्या | : सुख समृद्धि हुने। |
| तुला | : प्रेम प्रसंग, मित्र सुख। |
| बृश्चिक | : पुरस्कार प्राप्त लाभ। |
| धनु | : प्रतिभा सम्पन्नता। |
| मकर | : अवसर प्राप्त। |
| कुम्भ | : भ्रमण अवसर हुने। |
| मीन | : वाद विवादबाट बच्नु। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# पोखरामा जनकपुरको मिथिला संस्कृति प्रदर्शन गरिने

गण्डकी । आभ्या क्लबको आयोजनामा यही मङ्सिर ९ र १० गते पोखरामा जनकपुरको मिथिला संस्कृति, कला एवं पोखरेली ह्याण्डीक्राफ्ट प्रदर्शनी हुने भएको छ।

विहीबार आयोजित पत्रकार सम्मेलनमा कार्यक्रम संयोजक कृपा श्रेष्ठले जनकपुरको धार्मिक, ऐतिहासिक, पौराणिक मिथिला संस्कृतिलाई पोखरेली सामु ल्याउन लागेको जानकारी दिनुभयो। 'मिथिला शैली, कला र सांस्कृतिक समृद्धि' नाराका साथ गर्न लागिएको प्रदर्शनीमा जनकपुरका आठ कलाकारसहित १५ जनाको टोली पोखरा आउने उहाँले जानकारी दिनुभयो।

उक्त क्रममा आभ्या क्लब परिसरमा नै पोखरेली महिलाको हस्तकला प्रदर्शन गरिने उल्लेख गर्दै उहाँले मिथिला र पोखरेली कलाकारको सहभागितामा चित्रकला कार्यशाला पनि गरिने बताउनुभयो। कला संस्कृतिको संरक्षणका लागि यसअघि साउनको दोस्रो साता 'अ डे विद कलर्स' शीर्षकमा पोखराका बालबालिका तथा विभिन्न उमेर समूहका झण्डै दुई सय ५० जनाको सहभागितामा सम्पन्न गरिएको क्लबले जनाएको छ। त्यस्तै भदौको तेस्रो साता माटो, कला र पोखरा शीर्षकमा मूर्तिकलासमेत सम्पन्न गरिएको श्रेष्ठले जानकारी दिनुभयो। रासस

# हजका लागि आवेदन दिने म्याद मङ्सिर १० सम्म

काठमाण्डु। नेपाल हज समितिको सचिवालयले यसपालि सन् २०२४ (हज १४४५)को हजयात्राका लागि आवेदन दिने म्याद थप गरिएको छ। हजयात्रामा जानका लागि इच्छुक नेपाली इस्लाम धर्मावलम्बीलाई आवेदन दिनका लागि यही कात्तिक २२ गतेसम्मको म्याद रहेकामा त्यसलाई थप गरेर मङ्सिर १० सम्म पुर्‍याइएको नेपाल हज समितिका कार्यवाहक अध्यक्ष मकबुल मियाँले जानकारी दिनुभयो।

अध्यक्ष मियाँले आवेदन दिन छुट भएका नेपाली मुस्लिम समुदायबाट यस वर्ष विगतका वर्षभन्दा छिटो हजको आवेदन खुलेकाले आवेदनको समय थप गर्न माग भएको हुँदा नेपाल हज समितिको निर्णयानुसार आवेदन दिने अवधि थप गरेर मङ्सिर १० सम्म तोकिएको उहाँले जानकारी दिनुभयो।

इच्छुक आवेदकले आवेदन फाराम नेपाल हज समितिको सचिवालयको वेबसाइटबाट पनि लिन सकिने र थप जानकारी चाहिएमा सिंहदरबारस्थित सचिवालयमा सम्पर्क गर्न सकिने छ। यसपालि एक हजार दुई सय इस्लाम धर्मावलम्बीले हज गर्न सक्ने गरी साउदी अरब सरकारले नेपालीका लागि कोटा निर्धारण गरेको छ। हजका लागि गत साउनदेखि नै प्रक्रिया सुरु भएको थियो।रासस

# नक्कली नोटसहित तीनजना पक्राउ

काठमाण्डु । नक्कलीजस्तो देखिने नोटसहित काठमाडौँबाट एक र पर्साबाट दुई गरी तीन जना शनिबार पक्राउ परेका छन् । उनीहरूमध्ये काठमाडौँ महानगरपालिका-९ पिङ्गलास्थानबाट एक हजार दरका चार थान नक्कलीजस्तो देखिने नोटसहितकाठमाडौँमहानगरपालिका जडीबुटी बस्ने धनुषा घर भएका १८ वर्षीय किशोरलाई आज साँझ प्रहरीले पक्राउ गरेको छ।

ती किशोरले नक्कली नोट बोकी हिँडेको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी वृत्त गौशालाबाट खटिएको प्रहरीले उनलाई उक्त नोटसहित फेला पारी पक्राउ गरेको हो।

यसैगरी पर्सा वीरगञ्ज महानगरपालिका-८ घण्टाघरबाट एक हजार दरका ३८ थान नक्कलीजस्तो देखिने नोटसहित दुई जनालाई शुक्रबार राति प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा बारा कलैया उपमहानगरपालिका-३ बस्ने २५ वर्षीय उमेशकुमार पटेल र वीरगञ्ज महानगरपालिका-३१ कोनिया बस्ने २३ वर्षीय ऋषि पटेल रहेका छन्।

घण्टाघरस्थित सिटी मार्केटको कपडा पसलमा कपडा किन्दा उमेशले नक्कली रुपैयाँ दिएको भन्ने खबर प्राप्त हुनासाथ अस्थायी प्रहरी पोष्ट घण्टाघरबाट खटिएको प्रहरीले दुवै जनालाई पक्राउ गरेको हो।रासस

# नागरिकका घरआँगनमा नगरपालिकाको सेवा

काभ्रेपलाञ्चोक।काभ्रेपलाञ्चोकको नमोबुद्ध नगरपालिकाले नागरिकको घरमै सेवा उपलब्ध गराउने योजना तयार पारेको छ । यसका लागि नगरले एकीकृत घुम्ती सेवा सञ्चालन गर्ने तयारी गरेको हो।

नगरपालिका केन्द्रबाट भौगोलिक रुपमा टाढा रहेका टोलबस्तीमा उपभोक्ता समिति गठन तथा अभिमुखीकरण, राजश्व सङ्कलन, स्वास्थ्य, कृषि तथा पशु सेवा, अपाङ्गतालगायत लक्षित वर्ग सम्बन्धमा नगर कार्यालयद्वारा प्रदान गरिने सेवासहित सबै वडामा मङ्सिर मसान्तसम्म एकीकृत घुम्ती सेवा सञ्चालन गर्ने जनाइएको छ।

नगर प्रमुख कुनसाङ लामाले आर्थिक वर्ष २०८०/०८१ को लागि दोस्रो नगरसभाको तेश्रो अधिवेशनबाट स्वीकृत भएको वार्षिक विकास योजना (नीति, कार्यक्रम तथा बजेट) कार्यान्वयन गर्ने सन्दर्भमा वडास्तरमा नै योजना सम्झौता गर्ने तयारी गरिएको बताउनुभयो।रासस

# 'सिरहामा पत्रकार थपलियाले बदलेको छवि'

सिरहा । धेरैलाई लाग्छ पत्रकारले अरुका सफलता र असफलताका कथा मात्रै लेख्छन् । आजभन्दा चार दशक अगाडिदेखि सिरहाको गोलबजार नगरपालिका–२ गुरुधामका अर्जुन थपलियाको सयम पनि अरुको बारेमा लेख्दै बितिरहेको थियो। अचेल भने उहाँ अरुका लागि समाचारको विषय बन्नुभएको छ। पछिल्लो समय उहाँले व्यावसायिक तरकारी उत्पादक कृषकका रूपमा छवि बनाउनुभएको छ।

नेपाल पत्रकार महासङ्घ सिरहा शाखाको कार्यसमिति सदस्यसमेत रहनुभएका थपलिया पत्रकारितासँगै करिब एक दशकदेखि निरन्तर व्यावसायिक तरकारीखेतीमा सक्रिय हुनुहुन्छ । उहाँले करिब पाँच बिघा जमिनमा तरकारीखेती गरिरहनुभएको छ।

पत्रकारिताले जीवन धान्न कठिन हुने भएकाले जीविकोपार्जनका लागि कृषि पेसा अँगालेको थपलियाले बताउनुभयो । अहिले वार्षिक रू ४० लाखभन्दा बढीको तरकारी बेचेर आम्दानी गर्ने गरेको जनाउँदै उहाँले पत्रकारितामा हुँदाजस्तो आर्थिक अभावबाट मुक्ति मिलेको बताउनुभयो।

"पत्रकारितामा नाम त छ तर आर्थिकरूपमा जीवन धान्न धौधौ छ । मोफसलमा त विशुद्ध पत्रकारिता गरेर सामान्य जीवनयापन गर्न पनि सकिँदैन", थपलियाले भन्नुभयो, "आर्थिक अभाव टार्नका लागि पनि मैले व्यावसायिकरूपमा कृषि कर्म सुरु गरेको हुँ।"

विसं २०६० भन्दा अगाडि करिब २० वर्षसम्म विभिन्न सङ्घसंस्थामा जोडिएर सामाजिक काम गर्नुभएका थपलिया पत्रकारितामा भने सानै उमेरदेखिको रुचिको रूपमा रहेको बताउनुहुन्छ । "पत्रकारिता सानैदेखिको रुचिको विषय भए पनि यसबाट श्रमजीवी पत्रकारको जीविकोपार्जनमा समस्या देखेपछि व्यावसायिक तरकारीखेती सुरु गरे । पत्रकारिता र कृषि फरक विधा भए तापनि सँगसँगै लगेको छु", उहाँले भन्नुभयो, "अहिले वार्षिक रू ४० देखि ५० लाखको तरकारी बिक्री गरिरहेको छु। यसले १५ जना सदस्य रहेको परिवारको जीविका चलाउन सहज भएको छ।"

खेतिपातीमा श्रीमती एलिना राई र भाइ माधव थपलियालगायत परिवारका अन्य सदस्यले पनि साथ दिइरहनुभएको थपलियाको भनाइ थियो । आम्दानीबाट परिवारका सात बालबच्चालाई काठमाडौँ राखेर पढाइरहेको उहाँले बताउनुभयो । "वर्षको १०/१२ लाख केटाकेटीको पढाइमा खर्च हुन्छ। परिवारमा १५ जनाको जीविका यही तरकारीखेतीबाट चलेको छ", थपलियाले भन्नुभयो, "कृषिलाई हेयका दृष्टिले हेर्ने चलन छ । आफू उत्पादनसँग जोडिन पाउँदा खुसी लागेको छ। आफूले कर्म गरेपछि कसैको अगाडि हात फैलाउनु पर्दैन।" बारीभरि लगाइएको तरकारीले जो कसैको मन आनन्दित बनाउने गर्दछ। बारीसम्म तरकारी ढुवानी गर्ने गाडी लिएर व्यापारी पुग्ने गरेको उहाँले बताउनुभयो । साथै जिल्लाका स्थानीय हाटबजार तथा गोलबजारमा मङ्गलबार र शनिबार, चोहर्वामा सोमबार र बिहीबार, धनगढीमाइमा आइतबार र बुधबार गरी हप्ताको छ दिन तरकारी बेचबिखन हुने थपलियाले जानकारी दिनुभयो। उदयपुरको गाईघाट र कटारी, धनुषाको जनकपुर, सप्तरीको राजविराज र भारतको सीमावर्ती गाउँसम्म पनि तरकारी बिक्रीवितरण हुने उहाँले जानकारी दिनुभयो। तरकारी खेतीसँगै उहाँले पशुपालन पनि गरिरहनुभएको छ। दुई भैँसी र २५ वटा बाख्रा पाल्नुभएको छ । पशु चौपायालाई घासपातका लागि करिब दुई बिघामा फैलिएको बाँस र अन्य घाँसे बुट्यानसहितको वन रहेको थपलियाले बताउनुभयो । "यही वनले काठ, दाउरा र घाँसपात धानिरहेको छ। वर्षमा दुई लाख बराबरको बाँस मात्र बिक्री गर्ने गरेको छु", उहाँले भन्नुभयो, "अब यो वर्षबाट व्यावसायिकरूपमा एक सय बाख्रा थप्ने योजना छ।"



**'स्थानीयलाई रोजागरी सिर्जना'**

पत्रकारिताबाट आफ्नो जिन्दगी धान्न मुस्किल रहेको बताउने थपलियाले अहिले गरिरहेको कृषि खेतीबाट तरकारी टिप्न, गोडमेल गर्न र बजारसम्म लैजानका लागि १० जनालाई नियमित रोजगारी दिनुभएको छ । सिजनअनुसार १५/२० जनाले थप रोजगारी पाउने उहाँको भनँइ थियो।

कृषिको विकास र उत्पादनको बजारीकरणबाट मात्र आर्थिक समृद्धिको आधार तयार हुने थपलियाको निष्कर्ष छ । "काठमाडौँ कालीमाटी तरकारी बजारसम्म नेपाली किसानको पहुँच पुग्न नसक्नु र नेपालका अन्य ठूला सहरमा भारतीय तरकारीको हालीमुहाली हुनु नेपाली व्यावसायिक तरकारी कृषकका लागि दुःखको कुरा हो । भारतीय तरकारीको आलोपालो प्रणाली भएकाले नेपाली किसान मारमा छन्", थपलियाले भन्नुभयो, "बजारमा स्थानीय उत्पादनको पुर्णरूपमा पहुँच भएको दिन मुलुकको आर्थिक अवस्थामा कायापलट हुने थियो । विदेश गएका नेपालीलाई स्वदेशमै रोजगारी दिन सकिन्छ। यहाँ जनशक्तिको अभाव हुन्छ।" साथै विभिन्न तहका सरकारले किसानका लागि चिस्यान केन्द्र बनाउनुपर्नेमा उहाँले जोड दिनुभयो।

**'कृषक सहयोगी निकाय नै छैनन्'**

वास्तविक किसानका लागि कुनै पनि निकाय तथा विभाग सहयोगी नभएको गुनासो थपलियाले गर्नुभयो । स्थानीय सरकारले कृषि पेसालाई प्रोत्साहनका साथ ध्यान दिन जरूरी रहेको उहाँको भनाइ थियो । "व्यावसायिक उत्पादनमा लाग्न खोज्ने कृषकका लागि सस्तो व्याजदरमा ऋणको व्यवस्था गर्न जरुरी छ", उहाँले भन्नुभयो, "कृषिमा गरिएको लगानीबाट देशलाई नै आत्मनिर्भर बनाउन सकिन्छ।"

तरकारी किसानलाई जिल्लाका सरकारी निकायका अधिकारीले बेवास्था गरेको भन्दै थपलियाले हालसम्म अनुदान तथा सहयोग नपाएको बताउनुभयो । "पहिलो कुरा हाम्रोमा कृषिलाई हेयका दृष्टिकोणले हेरिएको छ । कृषि ऋणका लागि किसानलाई देखेपछि बैंकका कर्मचारी ' नदुखेको टाउको डोरी कसेर दुखाउनु' भने जस्तो गर्छन्", उहाँले भन्नुभयो, "वास्तविक किसानलाई रू १०/२० लाख चाहिनेमा बरु फर्जी किसानले सजिलै करोडौँ रुपैयाँ लिएर दुरुपयोग गरिरहेका हुन्छन्।" मल, खाद्य, सिँचाइ, कृषि बिमा तथा नयाँ रोगलगायत समस्या झेलेर किसानले तरकारी उत्पादन गरे पनि विचौलियाका कारण किसान मार्कामा परेका थपलियाले बताउनुभयो । कृषि मन्त्रालय तथा सम्बन्धित निकायले कृषि पेसालाई व्यवस्थित बनाउँदै बजारीकरणमा सहयोग पुऱ्याउनुपर्नेमा उहाँले जोड दिनुभयो।

**'श्रमजीवी पत्रकार र जीविकोपार्जन'**

श्रमजीवी पत्रकार ऐनको पूर्णरूपमा कार्यान्वयन नहुनु र पत्रकारलाई न्यूनतम पारिश्रमिकसमेतको व्यवस्था नहुँदा समग्र पत्रकारिता पेसा नै 'मागीखाने भाँडो'जस्तो बद्नाम हुनसक्ने भएकाले सरकारले यस सम्बन्धमा ध्यान दिन जरुरी रहेको थपलियाको भनाइ छ । "स्वाभिमान जोगाएर पत्रकारिता गर्ने हो भने या त मिडिया हाउसले श्रमजीवी पत्रकारलाई पुग्नेगरी सामाजिक न्याय र सुरक्षाका हिसाबले न्यूनतम पारिश्रमिक दिनुपर्‍यो, होइन भने पत्रकारले आफ्नो पौरखले कतै केही गर्नुपरो। नभए उपाय छैन", उहाँले भन्नुभयो, "आफ्नै पौरख र मेहनतका भरमा व्यावसायिक कृषि पेसामा हात हालियो । सामाजिक विषयमा सशक्त कलम चलाउन छाडेको छैन । म कसैसँग डराउने तथा मोलाहिजा गरेर कलमलाई बन्द गर्दिन।"

विसं २०४० मा ८ कक्षामा अध्ययनरत हुँदै गर्दा भित्तेपत्रिका प्रकाशन गरी पत्रकारिता सुरु गरेका थपलिया तत्कालीन समयमा भित्तेपत्रिका निकालेकै आधारमा विनाकारण दुई दिन थुनामा परेको घटना अहिले पनि ताजै लाग्ने बताउनुभयो । "पत्रकारितामा असाध्यै रुचि भए पनि यसैका कारण धेरै दुःख पनि पाइयो। अलि चर्चा हुन थालेपछि समाचार लेखेकैभरमा अनेक मुद्दा लगाएर फसाइयो", उहाँले भन्नुभयो।रासस

# 'फास्ट ट्र्याक' को सुरुङ निर्माणमा उत्साहजनक प्रगति

काठमाण्डु । अनेकौँ बाधा अड्चन र चुनौतीकाबीच राष्ट्रिय गौरवको काठमाडौँ-तराई/मधेस सडक आयोजना (फास्ट ट्र्याक) निर्धारित समयभित्रै सम्पन्न गर्ने गरी निर्माणलाई तीव्रता दिइएको छ। नेपाली सेनाको व्यवस्थापनमा निर्माण भइरहेको मुलुकको सर्वाधिक प्राथमिकतामा रहेको उक्त आयोजनाको भौतिक प्रगति २७ दशमलव १९ र वित्तीय प्रगति २९ दशमलव ३२ प्रतिशत छ।

नेपाली सेना, विकास निर्माण निर्देशनालयका सहनिर्देशक प्राविधिक महासेनानी विश्वबन्धु पहाडीले उक्त आयोजना निर्धारित मितिमा सम्पन्न गर्न सेना प्रतिबद्ध रहेको बताउनुभयो । "नेपाली सेनाको जिम्मेवारीअन्तर्गत निर्माणाधीन द्रुतमार्ग निर्माण कार्यलाई गुणस्तरीयरूपमा लक्षित समय सीमाभित्र सम्पन्न गर्न सेना कटिबद्ध रहेको छ", उहाँले भन्नुभयो।



आयोजनाको मुख्य चुनौतीका रूपमा लिइएको सुरुङ्ग र अग्ला विशिष्ट प्रकृतिका पुल निर्माण लक्ष्यअनुरुप र उत्साहजनक ढङ्गले प्रगति भइरहेको पहाडी भनाइ छ । उहाँका अनुसार आयोजनाअन्तर्गत मकवानपुरको महादेवटार, धेद्रे र लेनडाँडा सुरुङ र अग्ला पुल निर्माण भइरहेका छन्।

हालसम्म निर्माणाधीन सुरुङको कूल लम्बाइ छ दशमलव ४१५ किलोमिटरमध्ये तीन दशमलव १३५ किलोमिटर सुरुङ खन्ने कार्य सम्पन्न भइसकेको आयोजनामा संलग्न प्राविधिक प्रमुख सेनानी विनोद श्रेष्ठले जानकारी दिनुभयो । उहाँका अनुसार तीन दशमलव ३५५ किलोमिटर लामो महादेवटार सुरुङमा एक दशमलव ४९० किलोमिटर निर्माण भएको छ । यस्तै एक दशमलव ६३ किलोमिटर लम्बाइको धेद्रे सुरुङमा आठ सय छ मिटर तथा एक दशमलव ४३ किलोमिटरको लेनडाँडा सुरुङमा आठ सय ५७ मिटर निर्माण भइरहेको छ।

सुरुङमार्गको दुवैतर्फबाट खन्ने र सँगसँगै 'फिनिसिङ' गर्ने काम भइरहेको छ। गहिरा खोचमा अग्ला प्रकृतिको पुल निर्माणको काम तीव्र गतिमा अगाडि बढिरहेको प्राविधिक प्रमुख सेनानी श्रेष्ठले जानकारी दिनुभयो । आयोजनाअन्तर्गत हालसम्म ठेक्का व्यवस्थापन भई कार्यान्वयनमा रहेका प्याकेज नं १ देखि ५ सम्मका ४५ वटा पुलको डिजाइन सम्पन्न भएको र एक हजार सात सय ६८ 'पाइल'मध्ये एक हजार एक सय ७५ पाइल निर्माण भइसकेको सेनाले जनाएको छ।

द्रुतमार्गमा ८२ मिटर अग्ला 'टावर' तथा चार सय मिटरभन्दा लामा पुल निर्माण हुनेछन्। सेनाले उक्त आयोजनालाई निर्धारित समयमै सम्पन्न गर्नेगरी १३ वटा प्याकेज बनाइ निर्माणलाई अगाडि बढाएको छ । प्याकेज नं १ देखि ७ सम्मका प्याकेज निर्माणाधीन अवस्थामा छन्।

आयोजनाको पुरक विस्तृत परियोजना प्रतिवेदन समयमै स्वीकृत नहुँदा आयोजनाको बाँकी जग्गा अधिग्रहण एवं वातावरणीय प्रभाव मूल्याङ्कन तथा रुख कटानमा जटिलता थपिएको सेनाले जनाएको छ । यसअघि स्वीकृत विस्तृत परियोजना प्रतिवेदन 'डिपिआर'मा आयोजनाको दुवैतर्फका प्रवेश बिन्दु तथा विश्रामस्थलमा इन्टर चेञ्ज तथा टोल प्लाजाको व्यवस्था नभएकाले सेनाले पूरक विस्तृत परियोजना प्रतिवेदन तयार गरी स्वीकृतिका पठाएको थियो।

सो पूरक 'डिपिआर' स्वीकृत नहुँदा बाँकी प्याकेजमा ठेक्का लगाउन नसकिएको सेनाले जनाएको छ । पूरक डिपिआर स्वीकृतिका लागि सम्बन्धित निकायसमक्ष समन्वय भइरहेको र त्यसम्बन्धी कार्य छिट्टै निष्कर्षमा पुग्ने सेनाले विश्वास लिएको छ । आयोजनाको प्रस्थान बिन्दु खोकना क्षेत्रको जग्गा अधिग्रहणमा देखिएका समस्याको हालसम्म निर्क्योल हुन नसक्दा भने आयोजनालाई तीव्रता प्रदान गर्ने कार्यमा केही बाधा अड्चन पुगिरहेको छ। सेनाले भने सो खोकना इलाकामा द्रुतमार्गको सुरु बिन्दु निर्धारण, सवारी अवागमन व्यवस्थापनसम्बन्धी निर्णय र जग्गा अधिग्रहण विवाद समाधानपश्चात् खरिद प्रक्रिया सुरु गर्ने गरी तयारी अवस्थामा रहेको जनाएको छ।

सरकारले विसं २०७४ वैशाख २१ गते काठमाडौँ र तराई-मधेसलाई जोड्ने सो रणनीतिक आयोजना निर्माण व्यवस्थापनको जिम्मेवारी नेपाली सेनालाई दिने निर्णय गरेको थियो । विसं २०७४ जेठ १४ गते तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल ' प्रचण्ड'ले बाराको निजगढबाट सो आयोजनाको शिलान्यास गर्नुभएको थियो। सरकारले गत असोज ३० गते आयोजनाको परिमार्जित डिपिआर स्वीकृत गरेको थियो। उक्त डिपिआरअनुसार द्रुतमार्गको कूल लम्बाइ ७० दशमलव ९७७ किलोमिटर रहेको छ। आयोजनामा छ वटा सुरङमार्ग रहेका छन् । सुरुङमार्गको कूल लम्बाइ १० दशमलव ०५५ किलोमिटर रहेको छ।

देविचौरमा एक, सिसौटारमा शून्य दशमलव ३९, चन्द्राम भिरमा दुई दशमलव २५, महादेवडाँडामा तीन दशमलव ३५५, धेद्रेमा एक दशमलव ६३० र लेनडाँडामा एक दशमलव ४३० किलोमिटर लामा सुरुङ निर्माण हुनेछन् । अहिले लेनडाँडा, महादेवडाँडा र लेनडाँडामा सुरुङ निर्माणको काम तीव्रगतिमा अगाडि बढिरहेको छ। उक्त द्रुतमार्ग 'एसियन हाइवे' मापदण्डको हुनेछ। सो सडकमा दुईपाङ्ग्रे सवारी गुडाउन निषेध गरिनेछ।

आयोजनामा १२ दशमलव ८८५ किलोमिटर लम्बाइका विभिन्न ८९ वटा पुल निर्माण गरिनेछ । मकवानपुरको बुदुनेमा सडकको दुवै किनारामा दुई विश्रामस्थल हुनेछन्। ती विश्रामस्थलमा पेट्रोलपम्प, शौचालय, होटललगायतका सुविधा रहनेछ । द्रुतमार्गमा खोकना, बुदुने र निजगढमा प्रवेश गर्न र बाहिरिनसक्ने 'इन्टर चेञ्ज'को व्यवस्था हुनेछ।

सो सडकमा ती स्थानबाहेक अन्य स्थानमा प्रवेश गर्न र निस्कन पाइने छैन । यस्तै उक्त सडकमा गुड्ने सवारीको शुल्क उठाउने प्रयोजनका लागि खोकना, बुदुने र निजगढमा एक/एक वटा 'टोल प्लाजा' हुने सेनाले जनाएको छ। कूल एक घण्टा दुई मिनेटमा खोकनादेखि निजगढसम्मको यात्रा गर्न सकिनेछ।रासस

# शान्ति बाटिकामा 'काग' सम्मेलन

काठमाण्डु । प्रत्येक वर्ष कात्तिक कृष्ण त्रयोदशीदेखि सुरु हुने यमपञ्चक अर्थात् तिहारको पहिलो दिन काग तिहारको अवसरमा काग सम्मेलन गरिएको छ। एक सय ७३ जीवजनावर तथा चराचुरुङ्गीको आवाज निकाल्ने कलाकार रमेश दुलाल 'कागे'ले शनिबार काठमाडौँको शान्ति बाटिकामा आयोजित पत्रकार सम्मेलनमा कागको आवाज निकालेर काग बोलाउँदै 'बीसौँ काग सम्मेलन' सम्पन्न गर्नुभयो।



कलाकार दुलाले १९ वर्षदेखि यसरी नै काग सम्मेलन गरिरहेको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "विशेषगरी तिहारको परम्परालाई जोगाइराखौँ र सकारात्मक सन्देश प्रवाह गरौँ भन्ने उद्देश्यले हरेक वर्ष काग सम्मेलन गरिरहेको छु। यसलाई आउँदो वर्षमा पनि निरन्तरता दिनेछु।"

बिहान गरिएको सम्मेलनमा करिब ४० मिनेटसम्म उहाँले बोलाउनुभएको काग एकै ठाउँमा झुम्मिएका थिए। यद्यपि अघिल्ला वर्षहरूमा जस्तो कागको सङ्ख्या नरहेको कलाकार दुलालले बताउनुभयो । उहाँले सम्मेलनको सुरुवात पश्चिम धनगढीबाट सुरु गर्नुभएको थियो। दाङ र इलाममा केही वर्ष काग सम्मेलन गरेपछि काठमाडौँमा गर्न थालिएको उहाँले जानकारी दिनुभयो।

"सपनामा काग कराएको देखेपछि मैले आवाज निकाल्न सुरु गरेको हुँ । त्यसपछि काग तिहारमा सम्मेलन गर्ने गरेको छु", कलाकार दुलालले भन्नुभयो । पशुपक्षीको आवाज मात्र होइन उहाँ वाद्यवादनयन्त्र मादल, सनइ, सारङ्गी, पियानो, दमाहा, मुर्चुङ्गा, गितारको धुनसमेत निकाल्नु हुन्छ। गाई, भैँसी र अन्य चराचुरुङ्गीको आवाज दुरुस्तै निकाल्ने भए पनि कलाकार दुलाल 'काग'को आवाज निकाल्ने व्यक्तिका रूपमा परिचित हुनुहुन्छ। राष्ट्रिय सङ्गीतकर्मी सङ्घको आयोजना र ह्याम्स हस्पिटल काठमाडौँ र सन्दकपुर गाउँपालिका इलामको सहआयोजना सम्मेलन गरिएको थियो।रासस

# काठमाडौँमा हल्का वर्षा


काठमाण्डु । काठमाण्डु उपत्यकामा शनिबार दिउँसो हल्का वर्षा भएको छ। जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका अनुसार उपत्यकाका विभिन्न स्थानमा हल्का वर्षा भएको हो।

महाशाखाका मौसमविद् गोविन्दकुमार झाले उपत्यकामा हल्का वर्षा भएको जानकारी दिनुभयो । "उपत्यका र आसपासका क्षेत्रमा हल्का वर्षा भएको छ । सबै ठाउँमा एकै किसिमको वर्षा भने भएको छैन", उहाँले भन्नुभयो, "अबको दुई/तीन घण्टामा वर्षा रोकिएर काठमाडौँको आकास खुल्नेछ।"

पछिल्लो एक घण्टामा काठमाडौँ बाहिर मकवानपुर, म्याग्दी, जुम्ला र कालिकोटमा हल्का वर्षा भएको झाले बताउनुभयो । मौसमी प्रणाली क्रमिक रुपमा सुधार आइ आइतबारदेखि मौसम सफा हुँदै जाने उहाँले जानकारी दिनुभयो।

शनिबार बिहान लुम्बिनी प्रदेशको एक/दुई स्थानमा हल्का वर्षा भएको थियो भने दिउँसो सुदूरपश्चिम र कर्णाली प्रदेशका पहाडी भू-भागका थोरै र बाँकी पहाडी भेगका एक/दुई स्थानमा हल्का वर्षा भएको महाशाखाले जनाएको छ।

हाल देशको पश्चिमी भू-भागमा पश्चिमी वायुको आंशिक प्रभाव रहेकाले उक्त प्रणालीको प्रभावले बदली र वर्षा गराएको महाशााले उल्लेख गरेको छ । रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# शुभकामना

नेपालको दोस्रो ठूलो त्यौहारको रुपमा मनाइने दीपावली पर्व प्रारम्भ भइसकेको छ ।दीपावलीमा खासगरि माता लक्ष्मीको पूजा गरिन्छ ।हिन्दूहरुले प्रकृतिसित जोडिएका अन्य कयौं पर्वहरु तिहारको क्रममा मनाउने गरिन्छ ।तिहारको पहिलो दिन धनतेरसको रुपमा मनाइन्छ ।जिवनदायनी जडीबुटीको संरक्षण र सम्बर्द्धन गर्ने आरोग्यका देवता भगवान धन्वन्तरीको पुजा गरिन्छ ।दोस्रो दिन कागतिहार मनाइन्छ ।हुन त कागतिहार र धनतेरस कतिपय बेला एकैदिन पनि पर्छ ।कागको पूजा गरेर हिन्दूहरुले पशुपंक्षीप्रतिको आत्मीयतालाई प्रगाढ बनाउने गर्छन् ।लक्ष्मी पूजाको भोलिपल्ट गाईको पूजा गरिन्छ ।भगवान श्रीकृष्णले गोबर्द्धन पर्वतलाई औंलामा उचालेर गोपाल र गौलाई रक्षा गरेका थिए ।भगवान गोबर्द्धन( श्रीकृष्ण)को पूजा गर्छन् ।गोबर्द्धन पूजा किसानहरुले उल्लासका साथ गर्दै आए पनि सहर बजारमा पनि यसको लोकप्रियता रहेको छ ।अन्तिम दिन भाईटिका पर्व मनाइन्छ ।दिदीबहिनीहरुले दाजूभाईको दीर्घआयुको कामना गर्दै टिका लगाएर पर्व मनाउँछन् । हरेक पर्वको धार्मिक, सांस्कृतिक महत्वका अतिरिक्त वैज्ञानिक महत्व पनि छ ।लक्ष्मी पूजामा बालिने दियोको विशिष्ट महत्व छ ।हिन्दूहरुले वर्षभरि नै विभिन्न पर्वत्यौहारहरु मनाउने गर्छन् ।त्यसमध्ये दसैं र तिहार सर्वाधिक महत्वपूर्ण र लामो मानिन्छ ।पर्वत्यौहार मनाउने उल्लासमा कमी आएको नदेखिए पनि आर्थिक मन्दीको प्रभाव परेको छ ।पर्वत्यौहारहरुमा बजारमा देखिने भीड र हुने खरिदमा यस पटक निकै कमी आएको छ ।खासगरि मधेशमा आर्थिक मन्दीको व्यापक प्रभाव देखिएको छ ।त्यसबाट पर्वत्यौहारहरु स्वभाविक रुपमा प्रभावित भएको छ ।सीमा क्षेत्रका बासिन्दाहरुका लागि समग्रमा अवस्था ठिक छैन् ।दिनहुँ रोजगारी खुम्चिन थालेको छ ।रोजगारीका अवसर सृजन ।गर्नेतर्फ भइरहेको सरकारी कामहरु प्रभावकारी हुन सकिरहेको छैन् ।विदेशमा श्रम बेच्ने नयाँ गन्तव्यहरुको खोजी भइरहेका छन् ।तर देशको लागि ठोस समाधान होइन् ।गत असोजमा झण्डै डेढ खर्ब रुपैया रेमिट्यान्सको रुपमा आएको छ ।तर त्यसले पनि बजारमा देखिएको तरलता अभावलाई कम गर्न सकेको छैन् ।देशको अर्थतन्त्र चलायमान नभएसम्म नागरिकको आर्थिकस्थितिमा सुधार आउन सक्दैन् ।आर्थिक अवस्थामा सुधार ल्याउन सबै तहको सरकारले इमान्दारीपूर्वक कार्य गर्नैपर्छ ।भ्रष्टाचार नियन्त्रण र सरकारी सेवा पारदर्शी हुनुपर्छ ।पर्वत्यौहारलाई उल्लासमय बनाउन आमनागरिकको अनुहार हसिलो हुनुपर्छ । धर्म , संस्कृतिसित सम्बद्ध रहेका पर्वत्यौहार हरुलाई औपचारिकतामा सीमित हुन नदिन पनि हरेक नागरिकको भोजनका लागि अन्न, लत्ताकपडा, औषधोपचारको समुचित व्यवस्था, शिक्षाको उत्तम प्रवन्ध अनिवार्य रुपमा हुनुपर्छ ।तिहारको सुखद अवसरमा सम्पूर्ण नेपालीमा हार्दिक शुभकामना ।

# लोक कथाहरुमा लक्ष्मी जी



**डा. रेवतीरमण लाल**

मिथिलांचलमा दीपावलीमा गृहदेवताको कोठा देखि अन्य कोठाहरुमा अन्न धन लक्ष्मी घर आउ, दरीद्रा बाहिर जाउ भनेर मंत्र साथै राड़ी(खड़) को उक मनाएर त्यसमा आगो सल्काएर प्रत्येक कोठाको ढोकामा धान, दुवो, आदिले पाँच पटक यो मंत्रले सल्केको उक माथी ती धानको दुवो लाइ छर्दै गर्ने परंपरा रहेको छ ।

तर अन्न धन लक्ष्मी घर आउ दरिद्रा बाहिर जाउ मंत्रको पृष्ठ भूमिमा एउटा कथा मिथिलांचलमा प्रसिद्ध छ त्यो हो कि लक्ष्मी एकताको शक्तिमा प्रसन्न हुन्छे । यस कथा अनुसार एउटा मानिसको पाँच छोराहरु थिए तर उनीहरुमा आपसमा सदभाव थिएन, झगडा गर्ने प्रवृत्ति थियो । उनीहरु मध्ये चार दाजु भाइहरुले विहे गरेपछि आ-आफ्नो भान्सा छुट्याए । त्यस परिवार माथि आर्थिक शंकट पहिले देखिनै थियो अब अझ त्यो संकट बढि हाल्यो । तर पाँचौ को विहे भएपछि उसकी स्वास्नीलाइ यो अवस्था देखेर बडो दुख भयो र आश्चर्य पनि । उसलाई भयो कि जहाँ पाँच-पाँच वटा गृह लक्ष्मीहरु छन त्यहाँ यस्तो दुर्दशा किन भयो ? उसलाई भयो यसको कारण हो दाजू भाइहरुमा मेल मिलाप नहुनु र आपसमा झगडा भैरहनु नै हो । उसले एक दिन सबै चुलोहरुलाई भत्काइ दिए र सबै दाजुभाइ संपूर्ण परिवारलाई आफ्नो चुलोमा भोजन पकाएर सबैलाई सुझाए । त्यो दिन दाजु भाइहरुले एक साथ खाना खाए पछि अत्यन्त आनंदको अनुभव गरे ।

पछि उनीहरु सबै दाजू-भाइहरु एकै साथ सबै काम एकै साथ गर्न थाले । दीपावली आउदा सबैले मिलेर लक्ष्मी पूजन गरे । केही बेर पश्चात घर को भित्रवाट एउटा भयंकर आकृति भएकी महिला बाहिर जानलागेकी थिइ । "सबै दाजु भाइले सोधे तिमि को हौ ?" त्यस भयानक महिलाले भने म दरिद्रता हूँ, जुनबेला तिमीहरु झगडा गर्दैथियौ मेरो वास यस घरमा थियो तर अब जब सबै मा प्रेम भएको छ त म अब यस घरमा कसरी वस्न सक्छु ? दरिद्रता घरवाट निस्केपछि त्यहाँ त्यस घरमा लक्ष्मीको बास भयो ।

एक भोजपुरी लोक कथा अनुसार लक्ष्मीको अनिवार्य शर्त हुन्छ सन्मति । यस कथा अनुसार जब एउटी बुढ़ी मर्न थालेपछि उसले आफ्नी तीनै बुहारीहरुलाई केही माँग्न भनीन । एउटीले माँगे हँसी-ठंठा, अर्कीले माँगी वाजू बंद, तर कान्छीले सन्मति मात्र मागेकी थिइन । बुढ़ी आफ्नो वचन पूरागरी मरी हाली । केही समय पश्चात उसको ढ़ोकामा एउटा मरेको साँप देखियो । त्यसलाई फ्याक्न लागेपछि कान्छी बुहारीले भनी-कुनै कुरो वेकार हुँदैन यसलाई घरको छतमा राखी देउ । त्यसै वखत त्यसको छतमा एउटा चिल आयो जसको चुचोमा एउटा नौलखा हार थियो । त्यहाँ मरेको साँप देखेर उसले त्यो हार त्यही छोडेर मरेको साँप देखेर उसले त्यो हार त्यही छोडेर मरेको साँप लाई आफ्नो चोंचमा लिएर उड़ी हाल्यो । केही बेर पछि राजाका मान्छेहरु त्यो हार खोज्दै आए र भन्दै थिए जसले हार पाएको छ उसलाई राजाले आफ्नो आधा राज्य दिनेछ इनाममा ।

कान्छी वुहारीको सल्लाह अनुसार त्यो हार लिएर राजा कहाँ पुगे पछि त्यसलाई आधा राज्य दिन भने पछि कान्छी बुहारीले भनीन होइन म आधा राज्य होइन । मेरो एउटा शर्त मानीनुपर्छ कि आउने अमावस्याको राती मेरो घरमा मात्र सफाइ र प्रकाश हुनुपर्छ अन्यत्र होइन । त्यस रात जब लक्ष्मी आउदा



मात्र यस कान्छी बुहारीको घरमा सफाइ र प्रकाश देखेपछि वस्न वाध्य हुनुपरेको र त्यस घरको नाम सन्मति भयो ।

दीपावलीको अवसरमा लक्ष्मी जी को पूजा गर्ने परंपरा रहेको छ । वेदमा पनि लक्ष्मी लाई श्री र शुभ मानिएको छ । पुराणहरु अनुसार लक्ष्मी समुद्र मंथन वाट प्राप्त चौध रत्नहरुमा एउटी छिन । लक्ष्मी विष्णु प्रिया र समृद्धिको देवी हुन । लक्ष्मी उद्यमी मान्छेलाई प्राप्त हुन्छिन र उनी अत्यन्त चंचला छिन । समुद्र मंथन कसरी भयो र किन भयो यस वारेमा कथा यस प्रकार छ । स्वर्ग र देवताहरुका राजा इन्द्र आफ्नो परिश्रमले गौरवको सिखरमा पुगेकाथिए त्यसपछि उनीहरुमा विलासिता र निकम्मापन जस्तो दुर्गुण आइ हाल्यो । एक पटक इन्द्रले दुर्वासा ऋषि द्वारा समर्पित माला आफ्नो सिरमा लगाइ हाले । हाथी ले त्यस मालालाई कुलची दियो । यसमा दुर्वासा ऋषिले इन्द्रको राज्यवाट प्रकाश गइहाल्ने कुरा श्राप दी दिनु भयो । अनि इन्द्र का सबै संपतिहरु नष्ट भए । त्यसपछि इन्द्रले आतिएर विष्णुको शरण मा पुगे । विष्णुले भन्नुभो कठोर कर्मले नै अब मुक्ति पाउन सकिन्छ ।

यो कठोर कर्म क्षीरसागर लाई मथनुपर्ने थियो । देवताहरु र राक्षसहरु यस कार्यमा लागि हाले र लक्ष्मी क्षीर सागर वाट आफ्नो भव्य रुपमा प्रगट भइन ।

एक कथा अनुसार धनिया र निर्धनिया दुइ दिदी बहिनीहरु थिइ । धनियाको आफ्नो विहे भएको घरमा नीकै धन थियो । तर निर्धनिया धनहीन गरीब थिइ । एक पटक दीपावलीको अवसरमा बहिनी निर्धनिया ले आफ्नी दिदी धनिया सँग लक्ष्मी पुजा गर्न एक पसेरी धान माँग्न गएकी थिइ । दिदीले भनीन धान नयाँ छ पुजा भएको छैन म तिमीलाई पूजा गर्नुपूर्व कसरी दिउँ, तिमी लाइ धान माँगदा लाज लाग्दैन ?

बहिनी निर्धनिया रुन थाली । तर आफ्नो घर सफा सुधर गरी हाली । खान लाई घरमा केही थिएन त्यसैले त्यस दिन लक्ष्मीको व्रत गरी हाली । र साँझ पख अंडीको तेलमा दीयो बाल्यो र ढ़ोकामा त्यसलाई राखी दियो । राती जब लक्ष्मीको पूजा गर्न खोज्दा धान थिएन । त्यसै वखत एउटी बुढ़ी आइ माइ आइ र भनी म धान त दिन्छु तर मध्यरातमा यसको भूसी मलाई नदी सम्म पुगाउनु पर्छ । उसले पाँच मुठी धान निर्धनियालाई दियो । निर्धनियाले आफ्नो संतानहरुलाई लगाएर धानलाई कुटेर भुसी लाई जोगाएर राखेकी थिइ । धानले लक्ष्मी पूजा गरी र मध्यरातमा त्यो भूसी लिएर नदी तिर गइ । त्यहाँ त्यो बुढ़ी आइमाइ भेटीन र भनीन म तिमी माथि प्रसन्न छु र म नै लक्ष्मी हुँ । मलाई पाएपछि यो कुरा ध्यान राख्नु कि आफू मातनु भएन र तिमी मात्यो भने म तिमिलाई छाडेर गइहाल्छु । यस पछि धनिया निर्धन र निर्धनिया धनी भइ ।

कार्तिक अमावस्यामा प्रत्येक वर्ष दीपावली लक्ष्मी उपासना गर्ने र लक्ष्मीलाई आफ्नो घरमा पधारन आग्रह गरिन्छ र यो परंपरा प्राचीन काल देखि नै चली आइ रहेको पाइन्छ । तर आजकल बाहिरी आडंबरहरु पटाखा आदिमा विशेष ध्यान दिने गरिएको पाइन्छ । तर लक्ष्मी पूजाको पछाड़ी जो मूख्य संदेश छ त्यस माथि विचार गरिदैन । वास्तवमा लक्ष्मी पूजाले दिएको संदेश लक्ष्मीको स्वरुप आदि माथि सोच्नुपर्ने नितान्त आवश्यक छ ।

शास्त्रहरु अनुसार लक्ष्मी लाई कमल अत्यन्त प्रिय हो । कतिपय ठाउहरुमा कमलको फुलमा विराजमान र कतिपय ठाउँमा हाथमा कमलको फुल लिएको लक्ष्मीलाई देख्न सकिन्छ । यस्तो किन दर्शाइएको भन्दा यस्को तात्पर्य यो देखिन्छ कि लक्ष्मीको उपासना गर्दापनि मान्छे धनको आसक्तिमा चुर्लुम्म डुब्नु पर्ने स्थिति न आउन जलमा रहेको कमललाई जलमा आसक्ति गर्दा माथि रहेको जस्तो मान्छे पनि धनमा आसक्ति न रहोस भन्ने हेतु पनि दर्शाइएको छ । मान्छे यदि धनको आसक्ति भंदा माथि रहयो भने लोभ, मोह, क्रोध आदि दुर्गुणहरु वाट निर्लिप्त रहन सक्छ ।

श्री विष्णुकी स्वास्नी लक्ष्मी लाई लक्ष्मीका लोग्ने विष्णुको साथ आवाहन गर्दछ भने लक्ष्मी गरुड मा सवार भएर आउछिन । तर जो कोई एकलै लक्ष्मीलाई आवहान गर्दछ भने उनका वाहन दिउसो न देखिने विनाशको परिचायक उल्लु पंक्षी हुन्छ । सौभाग्य सूचक लक्ष्मीको प्राप्तिको लागि मात्र परिश्रम र इमान्दारी मात्रले पुग्दैन यसको लागि स्वच्छता तथा प्रेम सदभावको पनि आवश्यकता हुन्छ ।

# आयो तिहार घरघर, झिलीमिली बत्तीबाली



**उदय कुमार यादव**

गाउँगाउँ शहर शहर सर सफाईमा जुटिन थालेको अभास भएछ ,लाग्छ तिहार पनि आउनथालको छ । वास्तवमा घरघर आ आफना सर सफाई अभियानमै लागेको महसुश हुन थालिएको रहेछ । विभिन्न रंगीबिरंगी कलरबाट हरेकले आआफ्ना घरलाई रंग रोगन पनि गरिन थालिएको छ । विशेष गरी गांउघरका बांस र काठले बनेको घरहरुमा माटोले लिपपोतगरी अनि विभिन्न रंगले तथा पहाडको रंगी बिरंगी माटोले पनि लिपपोत गरिने कार्य पनि शुभारम्भ भईसकेको भानपनि हुन थालिएको छ । हरेकले आफ्ना घरका प्रत्येक कोठाकोठा सर सफाई गरी चिटीक्क पार्न थालेको छ । वास्तवमा तिहारलाई लक्ष्मीपुजा, यमपञ्चक तथा दिपावली नामले पनि बुझिन्छ । यसर्थ् यो उज्यालो रसिलो त्योहार धरै नजिक आईसकेको रहेछ, कारण घरघर झिलीमिली बत्ती बालिने कार्य पनि लागिरहेछ, शुभारम्भ् भइसकेको छ नि ?

धनतेरसको दिनबाट प्रायः श्रीगणेश हुने यो तिहार पर्वमा कागपुजा पहिले दिन गरिन्छ जसमा कागलाई मिठोमिठो खान पनि दिईन्छ । कागपुजा पछिको दोश्रोदिन चांहि कुकुरपुजा गरिन्छ । यसमा पनि कुकुरलाई फुलको माला लगाई विधिवत् पुजागरी मिठोमिठो खान दिईन्छ । यसपछि प्रायःतेश्रोदिन चांहि लक्ष्मीपुजा गरिन्छ, जसमा माता लक्ष्मीको नारीवल, पान, मखान,मिश्री चन्दन फुलमाला तथा मिठो मिठो परिकारबाट पनि भोग लगााईन्छ । रातीमा सयकरौ झिलिमिली बत्ती, मैन बत्ती तथा फुलझरी र चिरचिरी बालेर रातभरि आनन्द र मनोरञ्जन मनाउने गरिन्छ । दिप हजारौ बालेर सयकरौ सामग्री पुजाको अर्पण गरी मनाईकाले यसलाई दिपावली भनिएको हो ।

लक्ष्मीपुजाको भोलिपल्ट गाई तथा गोरुपुजा गरी गोवर्धन पुजा पनि धुमधामसंग मनाईन्छ । यसैदिन तराई मधेशतिर गोरुलाई र बेलगांडा(टायरगाडी) समेतलाई तेलमसालाले सिंगमामसाज गरी विभिन्न रंगले रंगेर हाटबजार ससाना , बालबालिका बोकेर लगिन्छ मेलामा भरपुर रमाईलो गरिन्छ , यसका साथै हुर्राहुर्री (गाईका हुलद्धारा शुंगुर या बंदेलका बच्चा मारीने प्राचीन प्रचलन)पनि मनाईन्छ, तर अचेल यो हुर्राहुर्री लोकपरम्परा लोप हुनथालेको छ । गाई तिहारमा गाईको पुजागर्दा विभिन्न प्रकारको मीठामिठा भोजन पनि गराईन्छ । गोवर्धन पुजामा प्राय : गांउघरमा महिला दिदिवहिनी तथा आईमाईद्धारा नै गाईभैंसीका गोबरबाट श्रीकृष्णा भगवानको प्रतिमा बनाई विभिन्न प्रकारका फुलपाती तथा अक्षत चन्दनले विधिवत् गोवर्धन भगवानको पुजा गरिन्छ ।यसै दिन भाइवहिनीको पर्व भाइटीका पनि विधिपूर्वक मनाईन्छ ,जसमा वहिनीले आफ्ना आफ्ना भाईलाई सयपत्री फुल र मखमली फुलको माला लगाई निधारमा रातो टिका पनि थपिदिन्छ । यम पञ्चक मनाईने पछाडिका पौराणिक गांथा, लिपावली मनाईने वैद्यिक परम्परा तथा लक्ष्मीपुजाका विशेष महिमाःशब्दमा केबल वर्णन गरेर साध्यछैनन् ।

यमलाई उनका दिदी वहिनीले आफुलाई भेट्न आउनकालागि पहिला कागलाई भेजिन, ्त्यसपँछि कुकुरलाई पठाईन तब पनि यम आउन असमर्थ भएपछि वहिनी आफै आई आफना भाइलाई माला र टीका लगाइदिए पछि त्यसैदिन देखि यो भाईटीका तथा यम पञ्चक पर्व सदाकालागि मनाईने परम्पराको चलन रहिआएको छ । त्यसैगरी बालमिकीका रामायणक अधारमा मर्यादा परुष श्रीरामचन्द्रजी जब लंकाजलाएर राबणलाई पराजय गरीकन अयोध्या पुनःपधारेका थिए त्यसैबेला अयोध्याकाबासीहरु असत्यमाथि रामजीले विजय गरी वापस फर्किने बेला घरघर बत्तीबालेर विजय उत्सव मनाएका थिए ।

अहिलेको तुलनामा विगतमा मनाईएका तिहार बढि मौलिक तथा मुल परम्परामा आधारित भएका हुनाले, अहिलेपनि शहरका तुलनामा गांउघरकै दिपावली वा तिहार हेर्ने लायक हुन्छ । किनकी भैलो र देऊसी मांगीमांगी खेलेको गांउले परम्परा तथा चलन अहिले पनि शहरीया बमबारुद र पटाकाका कोलाहल भन्दा कति गुणा सुन्दर अनि कर्णप्रिय हुंदा रहेछन् । आफनै पवित्र हातले हाम्रा आमातथा दिदिवहिनीले माटोका विभिन्न खाले सानादेखि ठुलठुलाा दियौरी(बात्ती ,दिपक) र हुंका लोली(कपरा लुगाका टुक्राबाट तारले बेरी बनाईएको)खेलौना अझै मार्मिक नै लागेको छ तर शहरमा अचेल सबैथोक रेडीमेड विद्युतीय दियाबाती,मैनबत्तीहरु प्रचलन बढेकाले अचेल माटोकै काम गरिखाने श्रमजिवी कुम्हालेको रोजीरोटीमा खडेरी पर्न थालेको र विद्युतीय सामग्री फेरी त्यती आकर्षक तथा मौलिक पनि देखिदैनन् ।



देखाबटीका नक्कली खेलकै प्रचलन दिन प्रतिदिन विकसित हुंदैगएकाले बमबारुद तथा पटाकाकै कोलाहलले शहरी वातावरण गांउघरमा पनि अचेल सर्न थालिएको अभास हुन थालेको छ । यसका अतिक्रमणले तथा आतंकले शुभदिपावलीलाई अशुभ दिपावलीमा नै परिणत गर्न थालिएको देखिन थालेकोछ । किनकी यसकै दुष्परिणाम स्वरुप विभिन्न घट्ना घटेको अशुभ समाचार पनि सुन्नमा आएको हुन्छ । बमबारुद तथा पटाका, छुछुर्री, फुलझरी त्यसै पनि अग्नीप्रज्वलन पदार्थ भएकाले यसका दुरुपयोबाट धेरै निर्दोष बच्चाहरुका ज्यानजान सक्दछ , यसकारण हाम्रा जीऊधनका सुरक्षाका निम्त यसता अग्नीजन्य जोखीमपूर्ण बारुदीय पदाथहरु, शुभकाममा पूर्ण रुपेण् बैन्ड नै गरिनु पर्दछ ।कारण यी यस्ता छाडावाद प्रवृतिले गर्दा नै नेपाली चाडपर्वको मौलिकता संकटमा परेको छ ,भने कुरा दावाका साथ भन्न सकिन्छ ।

यसैगरी यसपालीका तिहार,दिपावली तथा लक्ष्मीपुजा कर्तिक २४गतेशुक्रबारका दिन धनतेरस् पुजाबाट शुरुभएको दृष्टान्त नेपाली कलण्डरले प्रस्तुत् गरेको रहेछ , जसअनुसार २५ कार्तिक शनिवार काग तिहार परेछ भने, त्यसैदिन धनवन्तरी जयन्ती र किंरातहरुको फाल्गुणान्द जयन्ति परेका छन् । कुकुर तिहार भने आईतबार २६गते पर्दछ भने ,लक्ष्मीपुजा पनि यसैदिन परेको रहेछ , त्यसैगरी २७ गते सोमबारका दिन गाई तिहार पर्दछ भने २८ गते मंगलवार चांहि गोबर्धन पुजा परेको छ ।अर्थात् भाईटिका २ ९गते बुधवार पर्ने हो भने, तिहार होलिडे ३० गते विहिवार मनाएर यो पर्व यसरी नै विधिवत् रुपमा समापन गरिने छन् । अर्थात् यहि लक्ष्मीपुजालाई नै मौलिक रुपमा तिहार पर्व भनेर भनिन्छ जुन प्रत्येक वर्ष पांचदिन सम्म विभिन्न पशु पंक्षीदेखि लिएर जनावर जस्ता जीवजन्तु समेतलाई विशेष विधिका साथ पुजागरि विभिवत् रुपमा समापन पनि गरिन्छ । साथै यहिखास ,विशेषताहरुले गर्दा यसपर्वलाई बडादशैं पछिको दोश्रोठुलो चांडभनेर पनि भनिन्छ । अब कुरागरौ वर्षै पिच्छे यी यस्ता तिहार अनि पर्वहरु किन आंउछन् होला त?वास्तवमा यसका पछाडि अन्य धार्मिक तथा वैज्ञानिक कारणहरु अवश्य होलान् । यी परम्पराका पछाडि धेरै नै पौराणिक गांथाहरु रहेछन् भने वैदिक रितिरीवाजहरु पनि प्रचलित रहेका छन् । सुखी जीवन म नै विताउ,सुख शयल वा मौज मस्ती आफू मात्र नै गरु,म बांचौ,मै नांचु अरुसब मरुन् दुर्बलहरु :भने स्वार्थी भाव जब बढ्न थाल्छ ,त्यहि अहंमृता र अहंकार नै दुःखका विभिन्न कारणहरु बन्न पुग्दछन् । फल स्वरुप हामीमा निराशा अशान्ति र छटपटी पनि बढ्न थाल्दछ तथा विभिन्न मानसिक तनावहरु बढ्न थाल्दछ, तिनै मानसिक तनावहरु र विकारहरुका कारणले कतिपय निर्णयहरुलिने विचलित परिस्थति र अवस्थामा हामीलाई पुऱ्याउंदछ ।त्यसैले त्यस्ता तनावपूर्ण मानसिक समस्याहरुका समाधानकालागि हाम्रा चांड पर्वहरुले समय समयमा उपवास उपासना आदिका माध्यमले हामीलाई ज्ञान ध्यान र आत्म चिन्तनका मार्गहरु प्रसस्त गरिदिएका छन् ।

मनका समस्त मयल पखालेर हाम्रो समानभाव संभाव तथा समानुभूतिका विकास केबल हाम्रा चांड पर्वलेगर्दा नै हुने गर्दछ । यस महान दिपावलीमा घरको (दिपकले) ज्योति कतिपयले जलाएका हुन्छन् तर मनका ज्योति सबैले जलाउन असमर्थ देखिन्छ । बाहिरी मयल पखालेर साध्यछैनन् ,मान्छेले भित्रि मयल पनि पखालिन सक्नु पर्‍यो पहिला ।

अनि यदि उसले मानव ईर्ष्या द्धेश जस्ता भित्रि मयल पखाल्न सक्यो भन्दखिन् मात्र असल मानेमा ,यी यस्ता महानपर्व मनाउनुको सार्थकता हुनेछ ।अन्यथा पर्वका नांउमा हाम्रो संस्कृतिमा कसरी विकृतिले गलत आडम्बरी र देखावटीपना स्थापित हुंदै जानेछ , त्यसको सुंईको सम्म पनि हामीले थाह पाउन सक्दैनौ । जुन दिनप्रतिदिन ठुलो बिडम्बना र चिन्ताको विषय बनेर गएको छ ।

# विचौलियाले अस्पताललाई बद्नाम गरिरहेका छन् : मन्त्री बस्नेत



काठमाण्डु । स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री मोहनबहादुर बस्नेतले अस्पताल भित्रकै विचौलियाले अस्पताललाई बदनाम गरिरहेका बताउनुभएको छ । वीर अस्पताल सरसफाइ अभियानको शुक्रबार यहाँ शुभारम्भ गर्नुहुँदै मन्त्री बस्नेतले अस्पतालको तलब खाने तर व्यक्तिगत स्वार्थ पूरा नभएपछि अस्पताललाई नै गालीगलौज गरी बद्नाम गर्ने, सञ्चारमाध्यममा गलत समाचार लेखाउन लगाउने अस्पताल भित्रैकै विचौलिया भएको बताउनुभयो ।

"केही स्वार्थी कर्मचारी र विचौलियाले अस्पतालको बद्नाम गरिरहेका छन् । उनीहरूले आफ्नो स्वार्थ पूरा गर्न केही कर्मचारीलाई उचालिरहेकाले यसतर्फ सबै सजक रहन जरुरी छ", उहाँले भन्नुभयो । वीर अस्पताललाई नमुना अस्पतालका रूपमा विकास गर्न सबै मिलेर अगाडि बढ्नुपर्नेमा मन्त्री बस्नेतले जोड दिनुभयो ।

कार्यक्रममा चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (न्याम्स) वीर अस्पतालका उपकुलपति प्रा डा भूपेन्द्र बस्नेतले तिहारका बेला अरु ठाउँ सफा सुग्घर र झिलीमिली बनाए जस्तै अस्पतालमा पनि सरसफाइ अभियानको सुरुआत गरिएको बताउनुभयो । यो कार्यले निरन्तरता पाउने उहाँको भनाइ थियो ।

वीर अस्पतालका निर्देशक डा सन्तोष पौडेलले विभिन्न समूह बनाएर अस्पताल सरसफाइ अभियान थालिएको जानकारी दिनुभयो । सरसफाइ अभियानमा न्याम्सका पदाधिकारी, विभागीय प्रमुख, चिकित्सक, कर्मचारीलगायत सहभागी हुनुहुन्थ्यो । रासस

# उपलब्धि रक्षाका लागि नयाँ अभियान : प्रधानमन्त्री दाहाल




कीर्तिपुर । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले आफूले सरकार तथा पार्टीमार्फत गणतन्त्र र सङ्घीयता जस्ता उपलब्धिको रक्षाका लागि नयाँ अभियान थालेको बताउनुभएको छ।

नेकपा (माओवादी केन्द्र) द्वारा शनिबार कीर्तिपुरमा आयोजित ' कीर्तिपुरकाजनता'विषयकसाक्षात्कार कार्यक्रममा प्रधानमन्त्री दाहालले विगतबाट शिक्षा लिँदै जनतामा आशा जगाउने कार्य गर्न थालेको बताउनुभयो । "विगतमा निष्ठाबाट विचलित हुँदा र पार्टी विभाजन हुँदा फेरि प्रतिक्रान्तिले टाउको उठाउने र अहिलेको परिवर्तनलाई उल्ट्याउने सपना देख्न थाले । त्यसपछि नयाँ ढङ्गले जानुपर्ने भएकाले पार्टीले देशभर अभियान सञ्चालन गरेको हो", उहाँले भन्नुभयो । यसक्रममा आफू तेस्रोपटक प्रधानमन्त्री भएपछि देशको अवस्थामा देखिने गरी परिवर्तन गर्न विशेष रुपले लागिपरेको प्रम दाहालले बताउनुभयो ।

सरकारले वैदेशिक रोजगारीमा गएका करिब चार लाख श्रमिक र अनौपचारिक क्षेत्रमा रहेका हजारौँ श्रमिकलाई सामाजिक सुरक्षा कार्यक्रममा समेट्ने कार्य गरेको प्रधानमन्त्री दाहालले बताउनुभयो । यसैगरी सरकारले नक्कली भूटानी शरणार्थी प्रकरण, भूमाफियालाई असफल पार्ने कार्य तथा तस्करीको जालो हटाउने कार्यको सुरुआतबाट 'अब चाहिँ केही हुन्छ' भन्ने कुराको अनुभूति जनतालाई दिने कार्य गरेको उहाँले उल्लेख गर्नुभयो ।

संयुक्त राष्टसङ्घका महासचिवबाट हालै भएको नेपाल भ्रमणको प्रसङ्ग निकाल्दै प्रधानमन्त्री दाहालले अन्तर्राष्ट्रिय मञ्चहरूमा मौसम परिवर्तनप्रति विश्वकै ध्यानाकृष्ट गरेपछि उक्त भ्रमण सफल भएको बताउनुभयो । मौसम परिवर्तनको सन्दर्भमा नेपालको हक स्थापित गर्न सरकार सफल भएको उहाँको भनाइ थियो । सरकारको मेहेनतको फलस्वरुप मुलुकको आर्थिक अवस्था क्रमशः सुधार हुँदै गएको प्रधानमन्त्री दाहालले उल्लेख गर्नुभयो ।


"श्रीलङ्काकै स्थितिमा मुलुक पुग्छ कि भन्ने त्रासबाट अर्थतन्त्रलाई उद्धार गरेका छौँ", उहाँले भन्नुभयो । पछिल्लो समय विगत सय वर्षको विद्युत् उत्पादनभन्दा बढी हुने गरी १० हजार एक सय मेगावाटको कर्णाली-चिसापानी परियोजना अघि बढाउने तथा मूलपानी, भरतपुर र विराटनगरका क्रिकेट रङ्गशाला निर्माण अघि बढाउने र निजगढको विमानस्थल तथा द्रुतमार्गका काम अघि बढाउने पनि सरकारले निर्णय गरेको उहाँले बताउनुभयो ।

कीर्तिपुरवासीको जिज्ञासा सम्बोधन गर्ने क्रममा प्रधानमन्त्री दाहालले पहिलो पटक २०६४ मा कीर्तिपुरबाट जितेर प्रधानमन्त्री भएका बेला गर्न नसकिएका कतिपय काम यसपटक गर्नका लागि पहल गरिरहेको बताउनुभयो । कीर्तिपुरका स्ववासी जग्गा दर्ता, लायकु दरबार पुनःनिर्माण, सार्वजनिक जग्गा संरक्षणलगायत कार्य गर्न विशेष पहल गरिने उहाँले बताउनुभयो । रासस

## गणतन्त्रका उपलब्धि जोगाउनुपर्नेमा प्रधानमन्त्रीको जोड

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले नेपाल सम्वत नै राष्ट्रिय सम्वत भएकाले सरकारको दस्ताबेजमा लेख्ने बताउनुभएको छ ।

साहित्यकार पद्मरत्न तुलाधरको पाँचौं स्मृति दिवसलाई शनिबार सम्बोधन गर्दै प्रधानमन्त्रीले भन्नुभयो, "अब नेपाल सम्वत्लाई राष्ट्रिय सम्वत् भनेर मात्र पुग्दैन, म पहिलोपटक प्रधानमन्त्री हुँदा नेपाल सम्वत्लाई राष्ट्रिय सम्वत्का रुपमा मान्यता दिएको थिए ।" पद्मरत्न तुलाधरले नेपाल सम्वत् नै राष्ट्रिय सम्वत् भएको बताएको स्मरण गर्दै उहाँले त्यसपछि आफूले पहिलोपटक नै प्रधानमन्त्री हुँदा मन्त्रिपरिषद्बाट नेपाल सम्वत्लाई



राष्ट्रिय सम्वत्का रुपमा मान्यता दिएको बताउनुभयो ।

प्रधानमन्त्रीले भन्नुभयो, "त्यो घोषणा पनि पद्मरत्नजीसँगै बसेर गरिएको हो, अब नेपाल सम्वत् ११४४ आउँदैछ, मसँग अस्ति केही प्रतिनिधि आउनुभयो र यही नेपाल सम्वत्बारे कुरा हुँदा त्यसलाई राष्ट्रिय सम्वत् भनेर मात्रै भएन, व्यवहारमा कार्यान्वयन गर्नुपर्‍यो, अब राष्ट्रिय सम्वत् नेपाल सरकारको दस्ताबेजमा लेखिन्छ ।"

प्रधानमन्त्री दाहालले लामो सङ्घर्ष र बलिदानबाट प्राप्त गणतन्त्र र लोकतन्त्रमाथि प्रहार भएको उल्लेख गर्दै सङ्घीय लोकतान्त्रिक गणतन्त्र, धर्मनिरपेक्षता, समानुपातिक प्रणालीलगायत उपलब्धिको रक्षा गर्न सबैले आआफ्नो ठाउँबाट भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिनुभयो ।रासस

# कांग्रेस महामन्त्रीद्वयले बुझाए प्रधानमन्त्रीलाई ध्यानाकर्षण पत्र

काठमाण्डु । नेपाली कांग्रेसका महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्माले भूकम्प प्रभावित क्षेत्रबाट फर्किएपछि जरुरी सुझावसहित प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को ध्यानाकर्षण गराउनुभएको छ । भूकम्पबाट ठूलो जनधनको क्षति भएको क्षेत्र जाजरकोट र रूकुम पश्चिमबाट फर्किएपश्चात् महामन्त्रीद्वयले शनिबार नागरिकको अपेक्षा र आफ्ना सुझावसहित प्रधानमन्त्री दाहालको ध्यानाकर्षण गराउनुभएको हो ।

राहत वितरणको जारी क्रमलाई थप व्यवस्थित गर्न जरुरी देखिएको उल्लेख गर्दै महामन्त्रीद्वय थापा र शर्माले 'नेतृत्व स्थानीय सरकारको, सहकार्य सर्वदलीय संयन्त्रको' नीतिलाई हरेक वडा तहसम्म कार्यान्वयन गर्न/गराउन सुझाव दिनुभएको छ । चिसो बढ्दै गएको तथा सुत्केरी, बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका नागरिकलाई चिसोले थप कष्टकर अवस्थामा पुर्‍याउने हुँदा मङ्सिर मसान्तसम्ममा सबैका लागि अस्थायी आवास निर्माण गरिसक्न युद्धस्तरमा काम अघि बढाउन जरुरी रहेको भन्दै उहाँहरूले ध्यानाकर्षण गराउनुभएको छ ।

समग्र पुनःनिर्माण कार्य सक्न वर्ष दिन या सोभन्दा बढी समय लाग्नसक्ने व्यावहारिक स्थिति दृष्टिगत गरेर व्यक्तिको अस्थायी आवास युद्धस्तरमा निर्माण गर्न सरकारले आज भोलि नै प्रत्येक प्रभावित परिवारलाई न्यूनतम् रु ४० हजारका दरले रकम उपलब्ध गराउने निर्णय गर्न र तिहारलगत्तै सम्बन्धित परिवारको हातमा पुग्ने बन्दोबस्त मिलाउन महामन्त्रीद्वय थापा र शर्माले प्रम दाहाललाई आग्रह गर्नुभएको छ । अस्थायी आवास निर्माण गर्न स्वयं सक्षम परिवारबाहेकको हकमा पनि हजारौं स्वयंसेवी परिचालन गर्नुपर्ने र यसका लागि सरकारले आफ्नो सुरक्षा संयन्त्र परिचालनका साथै



राजनैतिक दल, तिनका भ्रातृ सङ्गठन एवं विभिन्न सङ्घसंस्थालाई आह्वान गर्न जरुरी रहेको उहाँहरूको भनाइ छ ।

कांग्रेसले यो अभियानमा पीडित र सरकारका साथमा रहेको र पहिलो चरणमा एक हजार अस्थायी आवास स्वयंसेवी दक्ष जनशक्तिका साथ निर्माणका लागि श्रमदान गर्ने जानकारी गराएको छ । । अस्थायी आवास कम्तिमा एउटा जाडो र एउटा वर्षा झेल्नसक्ने गरी निश्चित मापदण्डका आधारमा बलियो बनाउन जरुरी रहेको तथा यसका लागि हरेक वडामा सुरुमा एउटा नमुना घर बनाउन र अन्य घर बनाउँदा त्यसलाई अनुकरण गर्नुपर्ने महामन्त्रीद्वय थापा र शर्माको सुझाव छ ।

प्रभावित क्षेत्रबाट काठमाडौँ फर्किनुअघि महामन्त्रीद्वय थापा र शर्माले भिन्न दुई पालिकामा दुई नमुना घर बनाएर पीडितलाई हस्तान्तरणसमेत गरेका छन् । यसबारे अवगत गराउँदै महामन्त्रीद्वयले अन्य 'मोडल' को निर्माणसँगै ११ जनाको समूहले छ घण्टामा ४० हजारभन्दा कम रकममा बनाउन सकिने ती दुवै घर नमुनाका लागि उपयुक्त हुनसक्ने प्रधानमन्त्री दाहाललाई सुझाव दिनुभएको छ ।

भूकम्प प्रभावित क्षेत्रमा आंशिक क्षतिग्रस्त भनिएका/देखिएका घरमध्ये केही बाहेक प्रायः बस्न मिल्ने अवस्थामा छैनन् । यसरी हेर्दा भूकम्प प्रभावित क्षेत्रमा ठूलो सङ्ख्यामा सुरक्षित र सम्मानजनक ढङ्गले बस्न मिल्ने आवास बनाउनुपर्ने सुझाव दिँदै महामन्त्रीद्वय थापा र शर्माले यसका लागि २०७२ सालमा झैँ निश्चित रकम सबैलाई सरकारले उपलब्ध गराउनुपर्ने उल्लेख गर्नुभएको छ । आफ्नो रुचिको आकारमा निर्माण गर्न चाहनेका लागि बैंकिङ प्रक्रियामार्फत सफ्ट लोनको सहजीकरण गर्ने निर्णय सरकारले गर्नुपर्नेमा उहाँहरूले माग गर्नुभएको छ ।

'सांसद विकास कोष'को रकम भूकम्पपीडितको राहतमा परिचालन गर्न सुझाव

राहतदेखि अस्थायी आवास हुँदै पुनःनिर्माणसम्म पुग्दा अर्बौं रुपैयाँ खर्च हुने देखिएको उल्लेख गर्दै महामन्त्रीद्वय थापा र शर्माले दाताहरूको सहयोग प्रतीक्षा र परिचालनसँगै 'सांसद विकास कोष' का रूपमा परिचित कार्यक्रमका लागि गत बजेटमा सरकारले छुट्याएको आठ अर्ब बढीको रकम सर्वोच्च अदालतले कार्यान्वयनमा रोक लगाएका कारण जो 'फ्रिज जस्तै' अवस्थामा छ, सो रकमको सर्वोत्तम उपयोग सरकारले भूकम्प प्रभावित क्षेत्रको पुनःनिर्माणमा लगाउन माग गर्नुभएको छ ।

महामन्त्रीद्वयले थापा र शर्माले अस्थायी आवास निर्माणको कामसँगै विपत्पछिको पुनःनिर्माण र पुनःस्थापनाको आवश्यकता पहिचानको काम पनि अविलम्ब सुरु गर्नुपर्ने बताउनुभएको छ । यसका लागि प्रादेशिक योजना आयोगलाई जिम्मेवारी दिनु उपयुक्त हुने र प्रादेशिक योजना आयोगलाई राष्ट्रिय योजना आयोग र विपद् प्राधिकरणले मार्गदर्शन र आवश्यक सहयोग पुर्‍याउनुपर्ने उहाँहरूको सुझाव छ । मङ्सिर महिनाभित्र पुनःनिर्माण र पुनःस्थापना पहिचानको काम सकेर, कार्यान्वयनपूर्व थप जोडका लागि कर्णालीमा नै 'पुनःनिर्माण बृहत् सम्मेलन' आयोजना गर्नु उपयुक्त हुने महामन्त्रीद्वयको सुझाव छ ।

भूकम्पमा घाइते भएकाको सम्पूर्ण उपचारमा पर्याप्त ध्यान केन्द्रित गर्नुपर्ने साथै अन्य बिरामीले सहज उपचार पाउने वातावरण निर्माण गर्न खोप, पोषण, प्रसूति सेवालगायतका नियमित, अत्यावश्यक तथा आकस्मिक सेवा प्रभावित हुन नदिन तथा मनोसामाजिक परामर्शसमेतका लागि विज्ञसँगको समन्वयमा छुट्टै र विशेष संयन्त्र निर्माण गर्नुपर्ने उहाँहरूले बताउनुभएको छ । गर्भवती महिला, ज्येष्ठ नागरिक, बालबालिका, नियमित औषधि खानुपर्ने बिरामी तथा जोखिममा रहेका नागरिकलाई त्यसले सहज बनाउन सक्नेछ ।

महामन्त्रीद्वय थापा र शर्माले जाजरकोट र रुकुमपश्चिममा सयौँ विद्यालय पूर्णरूपमा क्षति भएको तथा विद्यालय बन्द रहेको र २०७२ सालको भूकम्पले हामीलाई सिकाएकाले यस्तो बेलामा विद्यालय पुनःनिर्माण नहुँदासम्म विद्यार्थीको सिकाइ प्रभावित हुन नदिन अस्थायी सिकाइ केन्द्र निर्माण र सञ्चालन गर्नुपर्ने बताउनुभएको छ। उहाँहरूले वैकल्पिक सिकाइ प्रारम्भ गर्नुपर्ने र यसका लागि कर्णाली प्रदेश सरकार र स्थानीय तहलाई आवश्यक स्रोतसाधन उपलब्ध गराइ विद्यार्थीको सिकाइ प्रभावित नहुनेगरी पठनपाठन सञ्चालन भएको सुनिश्चितता गर्न प्रम दाहालको ध्यानाकर्षण गराउनुभएको छ। भूकम्पमा अभिभावक गुमाएका बालबालिकाको अध्ययनको अभिभावकत्व मानवीय भावनाका शिक्षासेवीको साथले कांग्रेसले लिने उहाँहरूले जानकारी गराउनुभएको छ।

महामन्त्रीद्वय थापा र शर्माले व्यवसायी र व्यवसायको संरक्षण एवं श्रमिकलाई सहयोग पुग्ने गरी उच्च प्राथमिकता साथ आर्थिक उत्प्रेरणाको कार्यक्रम ल्याउन आवश्यक रहेकामा जोड दिनुभएको छ । व्यवसाय क्षति भएका व्यक्तिलाई पुनःस्थापनामा सघाउन सरकारले राष्ट्र बैंकसँगको समन्वयमा सहज बैंकिङ ऋणको व्यवस्था र ऋणको साँवा र ब्याज चुक्ता गर्न निश्चित समयावधि थप गर्नुपर्ने महामन्त्रीद्वयको सुझाव छ। रासस

# राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति गठन

काठमाण्डु । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति गठन गरेको छ । मन्त्रालयले दक्ष, प्रतिस्पर्धी सीपयुक्त तथा उद्यमशील जनशक्ति उत्पादन गर्ने उद्देश्यले विभिन्न प्रशिक्षण कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्न/गराउन समिति गठन गरेको हो ।

यही कात्तिक २३ गते बसेको मन्त्रिपरिषद् बैठकले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम बजारको माग तथा आवश्यकताअनुरूप दक्ष, प्रतिस्पर्धी सीपयुक्त तथा उद्यमशील जनशक्ति उत्पादन गर्ने उद्देश्यले विभिन्न प्रशिक्षण कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्न/गराउनका लागि उक्त समिति (गठन) आदेश २०८० स्वीकृत गर्ने निर्णय गरेको थियो ।

उक्त प्रतिष्ठानमा एक अधिकार सम्पन्न सञ्चालक समिति रहने र प्रतिष्ठानको प्रशासकीय प्रमुखका रूपमा एक जना कार्यकारी निर्देशक रहने व्यवस्था रहेको मन्त्रालयलका सहसचिव एवं प्रवक्ता डण्डुराज घिमिरेद्वारा शुक्रबार




जारी विज्ञप्तिमा उल्लेख छ । प्रतिष्ठानलाई श्रम बजारको मागबमोजिमकोप्रशिक्षणको विषय पहिचान र छनोट गर्ने, पाठ्यक्रम तथा मापदण्ड स्वीकृत गरी लागू गर्ने, प्रतिष्ठानले सञ्चालन गरेको प्रशिक्षण कार्यक्रमको सीप परीक्षण, स्तरीकरण तथा प्रमाणीकरण गर्ने/गराउने जिम्मेवारी दिइएको छ ।

साथै बाह्य तालिम प्रदायक संस्थाको दर्ता, आबद्धता, सूचीकरण, अनुगमन निर्देशन र आवश्यक समन्वय तथा नीतिगत व्यवस्था गर्ने, प्रतिष्ठानबाट सञ्चालन हुने प्रशिक्षणलाई अन्तर ाष्ट्रिय सङ्घसंस्थाबाट मान्यता दिलाउन आवश्यक व्यवस्था मिलाउने, स्वदेशी रोजगारदाता कम्पनी, गन्तव्य मुलुक, तालिम प्रदायक अन्य संस्थासँग समन्वय गरी प्रशिक्षणको आवश्यक व्यवस्था मिलाउनेसम्मको अधिकार प्रतिष्ठानलाई छ ।

यस प्रतिष्ठानबाट आगामी दिनमा छ महिना अवधिसम्मको व्यवसायी र सीपमूलक तालिम सञ्चालन गरिनेछ । यस प्रयोजनका लागि पाठ्यक्रम तयार गर्ने, सीपमूलक तालिम सञ्चालन गर्ने सीपको परीक्षण गर्ने र प्रमाणपत्र जारी गर्ने कार्यसमेत यो प्रतिष्ठानबाट गरिने प्रावधान राखिएको छ ।

मन्त्रिपरिषद् बैठकबाट स्वीकृत उल्लेखित राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति (गठन) आदेश २०८० राजपत्रमा प्रकाशित गरी लागू गरिने मन्त्रालयले जनाएको छ ।रासस

# तिहार प्रेरणाको विम्ब र उज्यालोको पर्व हो : मुख्यमन्त्री पाण्डे

गण्डकी । गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले तिहार प्रेरणाको विम्बका साथै उज्यालोको पर्व भएको बताउनुभएको छ। नेपालीहरूको महान् चाड तिहारका अवसरमा शनिबार शुभकामना सन्देश व्यक्त गर्दै उहाँले तिहार मनाउने हाम्रो मौलिक सांस्कृतिक परम्पराले प्रकृति, मानव जीवन र प्राणी जगत्को अन्योन्याश्रित सम्बन्धलाई उजागर गर्नुका साथै दिदीबहिनी तथा दाजुभाइबीचको आपसी स्नेहलाई प्रगाढ बनाउने बताउनुभयो ।

"पौराणिक, व्यावहारिक, सांस्कृतिक, मनोवैज्ञानिक एवं वैज्ञानिक महत्व बोकेको तिहार प्रेरणाको विम्बका साथै उज्यालोको पर्व पनि हो", उहाँले सन्देशमा भन्नुभएको छ ।

काग तिहारदेखि सुरु भएर भाइटिकाको दिनसम्म प्राणी जगत्का साथै लक्ष्मी माताको पुजाआराधना गरी खुसियालीको प्रतीकका रूपमा पाँच दिनसम्म यो पर्व मनाइने भएकाले यसले आपसी सम्बन्ध थप प्रगाढ बनाउने सन्देशमा उल्लेख छ ।

सांस्कृतिक, भाषिक, जातीय एवं धार्मिक विविधताले भरिपूर्ण नेपालमा यस्ता पर्वले विविधताबीचको एकतालाई थप सुदृढ र मजबुत बनाउने उल्लेख गर्दै मुख्यमन्त्री पाण्डेले मुलुकभित्र प्रचलित संस्कृति, परम्परा एवं सभ्यताको जगेर्ना गर्नु हामी सबैको साझा दायित्व भएको बताउनुभयो ।

यस पर्वको अभिन्न अङ्गका रूपमा रहेको देउसीभैलो खेल्ने परम्पराले आपसी मेलमिलाप, भ्रातृत्व, सामाजिक सद्भाव र सहिष्णुता थप सुदृढ बनाउन मद्दत पुग्ने विश्वास व्यक्त गर्दै सन्देशमा पर्वका नाममा समाजमा विद्यमान कूरीति एवं विकृतिप्रति सचेत रहन र हटाउनेतर्फ पहल गर्न सबैमा अपिलसमेत गरिएको छ ।रासस

# भूकम्पपीडितलाई सघाउन आह्वान

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का उपाध्यक्ष राजेन्द्र पाण्डेले भूकम्पपीडितलाई सघाउन आह्वान गर्नुभएको छ ।

गोरखा-काठमाडौँ सम्पर्क मञ्चले भूकम्पपीडितलाई सहयोग गर्ने उद्देश्यले शनिबार आयोजना गरेको देउसीभैलो कार्यक्रममा उपाध्यक्ष पाण्डेले प्रभावित क्षेत्रमा स्वास्थ्य समस्या नहुनेतर्फ विशेष ध्यान दिन सरकारलाई आग्रह गर्नुभयो । उहाँले भूकम्पलगायत सम्भावित विपद् तथा प्रकोप व्यवस्थापनका लागि सरकार सधैँ सचेत हुनुपर्नेमा जोड दिनुभयो । नेता पाण्डेले प्रभावितले चिसोको समयमा खुला आकाशमा रात बिताउन पर्दा वृद्धवृद्धा, बालबालिका र महिलाको स्वास्थ्यमा आउने समस्या निराकरण गर्न सरकार संवेदनशील हुनुपर्ने बताउनुभयो ।

पोलिटब्यूरो सदस्य दिलु पन्तले आपूर्ति कम भएकाले पीडितले राहत सामग्री नपाएका भन्दै त्यसलाई सम्बोधन गर्न आग्रह गर्नुभयो ।रासस

# उपप्रधानमन्त्री श्रेष्ठसँग चिनियाँ प्रमण्डलको भेट

काठमाण्डु । उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठ र नेपाल भ्रमणमा रहेका चीनको स्वशाषित क्षेत्रका सचिव वाङ छुङछेङ नेतृत्वको प्रतिनिधिमण्डलबीच गृह मन्त्रालयमा भेटवार्ता भएको छ ।

त्यस अवसरमा उपप्रधानमन्त्री श्रेष्ठले नेपाल र चीनबीच सरकार, पार्टी र जनस्तरमा हार्दिकतापूर्ण सम्बन्ध रहेको बताउनुभयो ।

नेपालको विपद् तथा विकासमा चीनको सहयोग अमूल्य रहेको बताउँदै उहाँले भूकम्प तथा कोभिड महामारीका बेला र हाल पनि चीनले गरे सहयोगप्रति आभार



व्यक्त गर्नुभएको गृह मन्त्रालयले जनाएको छ । चीनका राष्ट्रपति सी चिनफिङको नेतृत्वमा कार्यान्वयनमा गएको बिआरआई परियोजनालाई नेपालले आत्मसात गरिसकेको र यसमार्फत कमजोर अर्थतन्त्र भएका मुलुकको आर्थिक विकासमा टेवा पुर्याउने चीनको नीतिको उहाँले सराहना गर्नुभयो ।

उपप्रधानमन्त्री श्रेष्ठले यसका लागि पूर्वाधारको कामलाई प्रभावकारी र व्यापकरूपमा अगाडि बढाउने गृहकार्य पनि सफल भइछाड्ने विश्वास व्यक्त गर्नुभयो ।

सचिव वाङले नेपालका प्रधानमन्त्री पुष्पकमल दाहाल ' प्रचण्ड'को हालैको चीन भ्रमणका क्रममा उहाँ र राष्ट्रपति सीबीच भएका सहमति-सम्झौतालाई कार्यान्वयन तहमा लैजानु आफ्नो भ्रमणको उद्देश्य भएको बताउनुभयो । रासस

# भौतिक पूर्वाधारमन्त्री ज्वालाद्वारा सडक आयोजना निरीक्षण

दमौली । भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले मुग्लिन-पोखरा सडक योजनाअन्तर्गत तनहुँको पश्चिम खण्डको आज निरीक्षण गर्नुभएको छ । पोखरास्थित सेती नदीमा बन्ने पुलको शिलान्यासका लागि आउनुभएका उहाँले पृथ्वीराजमार्गअन्तर्गत तनहुँ खण्डको शनिबार स्थलगत निरीक्षण गर्नुभएको हो ।

जामुनेबाट कोत्रेसम्मको खण्डको काम सुस्त भएपछि मन्त्री ज्वालाले निरीक्षण गर्नुभएको हो । त्यसक्रममा मन्त्री ज्वालाले आयोजनाको कामलाई तीव्रता दिनुपर्ने आवश्यकता रहेको औँल्याउनुभयो ।

सडक आयोजनाको काममा ढिलासुस्ती भएकाले यसलाई द्रुतगतिमा अगाडि बढाउनुपर्ने अवस्था रहेको उहाँको भनाइ थियो । गण्डकी प्रदेशको 'लाइफ लाइन'का रूपमा रहेको पृथ्वीराजमार्गको यो खण्डका केही ठाउँमा कामको गति अति सुस्त रहेको भन्दै उहाँले चाडो सक्न निर्देशन दिनुभयो ।

पश्चिम खण्डअन्तर्गत जामुनबाट पोखरासम्म विसं २०७८ जेठ २ गते सम्झौता भई विसं २०७८ भदौ १२ गतेदेखि काम सुरु भएको थियो । यो खण्ड निर्माणको जिम्मा चिनियाँ कम्पनी एनहुइ काइयुयान हाइवे एण्ड ब्रिज कन्स्ट्रक्सनले पाएको छ । यो खण्डको म्याद विसं २०८१ भदौसम्म रहेको छ ।रासस

# इजरायल र हमासबीच गाजामा बन्धक बनाइएका नागरिकलाई रिहा गर्ने वार्ता

**एएनआई**

तेल अभिव । इजरायल र हमासले हाल बन्धक मुक्त गर्ने दुई थरी प्रस्तावमा छलफल गरिरहेका द न्युयोर्क टाइम्सले जनाएको छ । उनीहरूबीच थोरै सङ्ख्यामा मानिसलाई रिहा गर्ने र अर्कोमा गाजामा रहेका १०० वा सोभन्दा बढी नागरिकको रिहाइको लागि छलफल भइरहेको छ ।

इजरायली अधिकारीहरूका अनुसार गाजामा कट्टरपन्थी इस्लामिक समूह (हमास)सँग २४० भन्दा बढी इजरायली बन्धक रहेका छन् र तीमध्ये झण्डै ५० प्रतिशत नागरिकहरू छन् र वार्तामा ती सबै नागरिकहरूको रिहाई समावेश हुनेछ। पहिलो प्रस्तावअनुसार हमासले इजरायली महिला र बालबालिकाका साथै अमेरिकीलगायत विदेशीसहित १० देखि २० जना नागरिक बन्धकलाई रिहा गर्नुपर्ने छ र त्यसको बदलामा इजरायलले प्यालेष्टिनी क्षेत्रमा गरिरहेको आक्रमणलाई अस्थायीरूपमा रोक्नुपर्ने प्रस्ताव गरिएको छ। पहिलो प्रस्तावमा सहमति भए लगभग १०० भन्दाबढी नागरिकहरूको रिहाई हुनेछ।

यद्यपि हमासले गाजामा रहेका कुनै पनि सैनिक उमेरका इजरायली सैनिकलाई रिहा गर्न अस्वीकार गरेको इजरायली अधिकारीहरूले बताएका छन् । यसका अतिरिक्त, सबै नागरिकहरूको रिहाईको



बदलामा, हमासले थप मानवीय सहायता, अस्पतालका लागि ईन्धन र इजरायली जेलहरूमा रहेका प्यालेष्टिनी महिला र बच्चाहरूको रिहाईको साथ केही समयको लागि विरामको माग गरिरहेको इजरायली श्रोतले नाम उल्लेख नगर्ने शर्तमा बताए ।

यद्यपि इजरायली अधिकारीहरूले आफ्ना कैदीहरूलाई रिहा गर्ने बारे अनिश्चितता व्यक्त गरेकोदन्युयोर्कटाइम्सलेजनाएकोछ। हमासको राजनीतिक कार्यालय रहेको कतारले वरिष्ठ अमेरिकी अधिकारीहरूसँग यी वार्तामा मुख्य मध्यस्थकर्ताको भूमिका निर्वाह गर्दै आएको छ । यसबाहेक, अमेरिकी अधिकारीहरूले इजरायलले गाजामा बन्धकहरूको रिहाईको लागि आफ्नो आक्रमण रोक्न प्रस्ताव गरेको प्रस्तावलाई समर्थन गरेका छन् र यसले मानवीय सहायतालाई गाजामा प्रवेश गर्न र बन्धकहरूलाई उनीहरूको कब्जापछि छोड्न अनुमति दिनेछ।

यसअघि शुक्रबार अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले भन्नुभएको थियो थिए, “हामी आफ्ना बन्धकहरूलाई घर फर्काउने काममा निरन्तर ध्यान केन्द्रित गर्नेछौं। द न्युयोर्क टाइम्सका अनुसार इजरायली प्रधानमन्त्रीको कार्यालयले यस विषयमा तत्कालका लागि टिप्पणी गर्न अस्वीकार गरेको छ । हमासले कतारी वार्ताकारहरूलाई भनेको छ कि उनीहरूसँग २० वा कम नागरिकहरू छन्, र बाँकी गाजामा अन्य समूहहरूले कब्जा गरिरहेका छन् र उनीहरू हमास कमान्ड संरचनाको हिस्सा छैनन् । यो मुद्दालाई जटिल बनाउन सक्ने कुरा बनेको छ।

न्युयोर्क टाइम्सका अनुसार वार्तामा सहभागी सरकारहरूले स्वतन्त्ररूपमा यो दाबीको पुष्टि गरेका छैनन् । पछिल्ला हप्तामा हमासका केही अधिकारीहरूले हमास समूहले अक्टोबर ७ मा इजरायलको सैन्य चौकीहरूमा मात्र आक्रमण गरेको र सशस्त्र व्यक्तिहरूले १० भन्दाबढी इजरायलीहरूको हत्या गरेको र गाजामा लगभग २४० जनालाई बन्धक बनाएको तर्क गरेका छन् । भिडियो र अन्य प्रमाणका अनुसार हमासले सर्वसाधारणलाई उनीहरूकै घरमा आक्रमण गरेको द न्युयोर्क टाइम्सले जनाएको छ । यसबाहेक, हमासका अधिकारीहरूले वार्ताकारहरूसँग बताएअनुसार १३० देखि १४० इजरायली लगभग सबै इजरायली सैन्य कर्मीहरू रहेको बताएको छ।

उनीहरूलाई चाँडै रिहा गर्ने उनीहरूको कुनै सम्भावना छैन । यद्यपि, इजरायली अधिकारीहरूले सैन्य वा नागरिक बन्धकहरूको छुट्टाछुट्टै तथ्याङ्क सार्वजनिक गरेको छैन । इजरायली र अमेरिकी अधिकारीहरू गाजामा धेरै नागरिकलाई नराखेको हमासको दाबीप्रति सशङ्कित बनेका छन् ।

# मार्सको उत्कृष्ट ब्याटिङसँगै अस्ट्रेलियाको जित

एजेन्सी - आईसिसी विश्वकप क्रिकेटको राउण्ड रोबिनको आफ्नो खेलमा शनिबार अष्ट्रेलियाले बंगलादेशलाई ८ विकेटले पराजित गरेको छ। ३ सय ७ रनको ठूलो लक्ष्य पछ्याएको अष्ट्रेलियाले ४४.२ ओभरमा मात्र २ विकेट गुमाएर ३२ बल बाँकी रहँदै खेल जितेको हो।




यसअघि नै सेमिफाइनल पुगिसकेको अष्ट्रेलियाको जितमा मिचेल मार्सले शतकिय इनिङ खेले । मार्स १ सय ३२ बलमा १ सय ७७ रनको शानदार इनिङका साथ नट-आउट रहे। उनले १७ चौका र ९ छक्का प्रहार गरे । स्टिभ स्मिथले ६४ बलमा ४ चौका र १ छक्का प्रहार गर्दै ६३ रन बनाएर अविजित रहे।

ओपनर डेभिड वार्नरले पनि ६१ बलमा ६ चौका प्रहार गर्दै ५३ रनको अर्धशतकीय पारी खेले। अर्कोतर्फ उनका ओपनिङ पार्टनर ट्राभिस हेड १० रनमै आउट भए।

बंगलादेशका लागि तस्किन अहमद र मुस्ताफिजुए रहमानले समान विकेट लिए । त्यसअघि टस हारेर ब्याटिङको निम्तो पाएको बंगलादेशले निर्धारित ५० ओभरमा आठ विकेट गुमाएर ३ सय ६ रन बनाएको थियो । बंगलादेशका लागि तौहिद हृडोयले ७९ बलमा ५ चौका र २ छक्का प्रहार गर्दै ७४ रन बनाए । शाकिब अल हसनको अनुपस्थितिमा आजका कप्तान रहेका नजमुल हसन शान्तोले ५७ बलमा ६ चौका प्रहार गर्दै ४५ रन बनाए। त्यसैगरी, ओपनर तान्जिद हसन र लिट्टन दास दुबैले समान ३६ रन बनाए।

महमुदुल्लाहले २१ बलमा एक चौका र तीन छक्का प्रहार गर्दै ३२ रन बनाए। मेहिदी हसन मिराजले २९ र मुस्फिकुर रहिमले २१ रन बनाए। नसुम अहमद ७ रनमा आउट भए। महेदी हसन २ र तस्किन अहमद बिना कुनै रन नटआउट रहे।


अष्ट्रेलियाका लागि सन एबोट र एडम जाम्पाले समान २ र मार्कस स्टोइनिसले १ विकेट लिए । बंगलादेश यसअघि नै प्रतियोगिताबाट बाहिरिसकेको थियो। अष्ट्रेलिया तालिकाको तेस्रो स्थानमा रहँदै सेमिफाइनलमा पुगेको छ । सेमिफाइनलमा अष्ट्रेलियाको प्रतिद्वन्द्वी पनि तय भइसकेको छ। अष्ट्रेलियाले सेमिफाइनलमा दक्षिण अफ्रिकाको सामना गर्नेछ।

# खुला र सुरक्षित इन्डो-प्यासिफिक भविष्यका लागि अमेरिका र भारतबीच छलफल

**सिन्ह्वा**

वासिङ्टन । अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केन र भारतीयप्रधानमन्त्रीनरेन्द्रमोदीबीच भारत-अमेरिका सम्बन्ध र खुला र सुरक्षित हिन्द-प्रशान्त क्षेत्रलाई प्रबर्द्धन गर्ने प्रयासबारे छलफल भएको छ।

ब्लिन्केनले उज्ज्वल भविष्यका लागि प्रविधि, स्वच्छ ऊर्जा र अन्तरिक्षसम्बन्धी नयाँ आविस्कारलाई निरन्तरता दिन आफूहरु तत्पर रहेको पनि दोहोर्‍याउनुभयो।



अमेरिकी विदेशमन्त्री ब्लिन्केनले भन्नुभयो, “नयाँ दिल्लीमा मैले भारतीय प्रधानमन्त्रीसँग अमेरिका र भारत कसरी खुला र सुरक्षित हिन्द-प्रशान्त क्षेत्रको प्रवर्द्धनका लागि काम गर्न भन्ने बिषयमा छलफल गरेको छु। म उज्ज्वल भविष्यका लागि प्रबिधि, स्वच्छ ऊर्जा र अन्तरिक्षमा हाम्रो नवीनतालाई निरन्तरता दिन तत्पर छु।

ब्लिन्केन र अमेरिकी रक्षामन्त्री लोयड अस्टिन नयाँ दिल्लीमा भएको टु प्लस टु मन्त्रीस्तरीय वार्ताका लागि भारत आउनुभएको छ । शुक्रबार अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनसँगको भेटपछि प्रधानमन्त्री मोदीले ‘२+२’ ढाँचा भारत-अमेरिका व्यापक वैश्विक रणनीतिक साझेदारीलाई थप मजबुत बनाउन महत्वपूर्ण सहयोगी भएको बताउनुभयो । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले भारत-अमेरिका साझेदारीलाई ‘विश्वव्यापी भलाइ’का लागि ‘शक्ति’ को संज्ञा दिँदै नयाँ दिल्ली र वासिङ्टनबीचको पारस्परिक लाभकारी सहयोग लोकतन्त्र, बहुलवाद र विधिको शासनमा उनीहरूको साझा विश्वासमा आधारित रहेको बताउनुभएको छ।

ब्लिन्केन र प्रधानमन्त्री मोदीले हिन्द-प्रशान्त क्षेत्रमा र विश्वव्यापी महत्वका विषयमा घनिष्ठ साझेदारीका लागि भारत र अमेरिकाको साझा दृष्टिकोणलाई दोहोर्‍याएको अमेरिकी विदेश मन्त्रालयले शुक्रबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

“भारत र संयुक्त राज्य अमेरिकाले जापान र अष्ट्रेलियासँग क्वाड (चतुर्भुज सुरक्षा संवाद) मार्फत साझेदारीलाई बलियो बनाएर स्वतन्त्र, खुला र सुरक्षित हिन्द-प्रशान्तलाई बढावा दिइरहेका छन्,” अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले नयाँ दिल्लीमा आयोजित पाँचौं २+२ भारत-अमेरिका मन्त्रीस्तरीय संवादमा भन्नुभयो।

ब्लिन्केनले भन्नुभयो, “उदाहरणका लागि, अवैध फिसिङ, पाइरेसी र लागूपदार्थको ओसारपसारविरुद्ध लड्न हामी इन्डो-प्यासिफिक क्षेत्रमा मानवीय राहत र विपद् प्रतिकार्य प्रयासमा पनि समन्वय गरिरहेका छौं।

यो संवादले अमेरिका र भारतबीच उच्चस्तरीय छलफलका लागि एक मञ्च प्रदान गर्दछ। अमेरिका र भारतका नेताहरूले महत्वपूर्ण द्विपक्षीय र विश्वव्यापी मामिलाहरूमा छलफल गर्दछन्, जसमा हिन्द-प्रशान्त क्षेत्रमा भइरहेका घटनाक्रमहरूमा विशेष जोड दिइन्छ।

# मध्य कीएभमा दुई शक्तिशाली विष्फोट

**एएफपी**

कीएभ ।मध्य किभमा दुई वटा शक्तिशाली विस्फोटको आवाज सुनिएको कीएभस्थित एएफपीका रिपोर्टरले शनिबार बिहान बताएका छन् । “राजधानीको बायाँ किनारामा शक्तिशाली विस्फोटको आवाज सुनिएको छ । प्रारम्भिक जानकारीअनुसार हवाई प्रतिरक्षाले ब्यालेस्टिक हतियारविरुद्ध काम गरेको छ,” कीएभका मेयर भिटाली क्लिट्स्कोले टेलिग्राममा लेख्नुभएको छ । अहिलेसम्म कुनै पनि व्यक्ति घाइते भएको खबर प्राप्त नभएको उहाँले बताउनुभयो।

युक्रेनको राजधानीमा लामो समयको शान्तिपछि उक्त आक्रमण भएको हो।

गत सेप्टेम्बर २१ मा एयर डिफेन्सले कीएभमा क्षेप्यास्त्र खसालेको थियो । पहिरोमा परी एक बालकसहित सात जना घाइते भएका छन्।

युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले रूसी आक्रमणले निम्त्याएको युद्धपछिको दोस्रो हिउँदे चीसो समयमा सम्भावित थप आक्रमणलाई जोगाउँदै नागरिकहरूलाई न्यानो राख्ने प्रयासस्वरूप युक्रेनले ऊर्जा केन्द्रहरूमा थप पश्चिमी हवाईप्रतिरक्षा प्रणालीहरू तैनाथ गरेको बताएका छन्।

गत वर्ष मस्कोको सेनाले युक्रेनको ऊर्जा ग्रिडलाई लक्षित गरी गरेको योजनाबद्ध आक्रमणका कारण लामो समयसम्म चिसो तापक्रममा हजारौं नागरिकसम्म यथेष्ठ विद्युतीय सेवा नपुग्दा बिजुलीबिहिन बन्नुपरेको थियो।

# छुट्टाछुट्टै सडक दुर्घटनामा दस जनाको मृत्यु

**सिन्ह्वा**

नयाँदिल्ली। भारतमा शनिबार भएका दुई छुट्टाछुट्टै सडक दुर्घटनामा कम्तीमा १० जनाको मृत्यु हुनुका साथै ५८ जना घाइते भएको स्थानीय प्रहरीले जनाएको छ। दक्षिणी राज्य तमिलनाडुमा दिउँसो दुईवटा बस दुर्घटना हुँदा पाँच पुरुष र एक महिलासहित छ जनाको मृत्यु भएको छ भने ५८ जना घाइते भएको एक प्रहरी अधिकारीले बताउनु भएको छ।

उहाँका अनुसार चेन्नई-बेङगलोरु राजमार्गमा राज्य सरकारी बस र निजी बस एक आपसमा ठोक्किँदा तिरुपत्तुर जिल्लाको चेट्टीयप्पनुर क्षेत्रमा दुर्घटना भएको हो । ठक्करबाट दुबै सवारीसाधनको अगाडिको भाग पूर्णरुपमा क्षतिग्रस्त भएको छ। घाइतेहरूलाई तिरुपत्तुर र भेल्लोर जिल्लाका अस्पतालमा भर्ना गरिएको छ। अर्को दुर्घटनामा, “उत्तरी राज्य हरियाणामा सडक दुर्घटनामा एकै परिवारका चार सदस्यको मृत्यु भएको छ,” एक स्थानीय प्रहरीले फोन मार्फत बतायनु भएको छ।

दिल्लीबाट करिब ४५ किलोमिटर टाढा हरियाणाको गुरुग्राम जिल्लाको दिल्ली-जयपुर राजमार्गमा विपरित दिशाबाट आउँदै गरेको कारमा तेल ट्याङ्कर ठोक्किएर दरर्घटना भभएको हो। कारमा आगलागी हुँदा सवार तीन जनाको घटनास्थलमै मृत्यु भएको थियो भने अर्को एक जनाको उद्धारक्रममा मृत्यु भएको थियो। रासस

# इथियोपियामा ७६ लाख बालबालिका विद्यालय बाहिर : युनिसेफ

**सिन्ह्वा**

इथियोपिया । इथियोपियामा चरम प्राकृतिक तथा मानव निर्मित विपद्को निरन्तर सामना गर्नुपरेको कारण करिब ७६ लाख बालबालिका विद्यालय बाहिर रहेको संयुक्त राष्ट्रसङ्घीय बाल कोष (युनिसेफ)ले शुक्रबार जनाएको छ । इथियोपियाको आफ्नो पछिल्लो मानवीय अवस्था प्रतिवेदनमा एजेन्सीले पूर्वीअफ्रिकी देशका विभिन्न भागमा जारी द्वन्द्वले बालबालिकाको शिक्षामा पहुँचमा नकारात्मक असर गरिरहेको जनाएको छ।

प्रतिवेदनका अनुसार “अम्हारादेखि ओरोमियाको विचमा चलिरहेको द्वन्द्वले विद्यालय छाड्ने बालबालिकाको सङ्ख्यामा उल्लेख्य वृद्धि भएको छ। इथियोपिया कुल ७६ लाख बालबालिका विद्यालय बाहिर रहेको प्रतिवेदनले देखाएको छ।

प्रतिवेदनले अम्हारा क्षेत्रमा द्वन्द्व चलिरहेको तनावपुर्ण तथा अस्थिर अवस्था कायम रहेको देखाएको छ । नियमित आवागमनमा प्रतिबन्ध कायमै रहेकाले मानवीय सहायताको प्रावधानमा कठिनाइ व्याप्त छन् । युनिसेफले अम्हारा क्षेत्रीय शिक्षा ब्यूरोलाई उद्दृत गर्दै द्वन्द्वका कारण समस्याग्रस्त क्षेत्रका विभिन्न स्थानका २८ वटा विद्यालयमा क्षति पुर्‍याएको जनाएको छ। जसका कारण नयाँ शैक्षिक वर्षको शिक्षा पुनःसञ्चालनमा चुनौती खडा गरेको छ। साथै यस क्षेत्रका अन्य भागमा भारी वर्षा, हावाहुरी र बाढीका कारण दुई सय ५४ विद्यालयमा क्षति पुग्दा ९२ हजार ६०० भन्दाबढी बालबालिका प्रभावित भएको जनाइएको छ।

# म्यान्मारको जुन्टा प्रमुखका निकटस्थ अधिकारीलाई भ्रष्टाचार अभियोगमा जेल चलान

**एएफपी**

बैंकक। म्यानमारका एक उच्च जनरलका निकट सहयोगीलाई भ्रष्टाचारको आरोपमा पाँच वर्षको जेल सजाय सुनाइएको छ।

सन् २०२१ को ‘कू’पछि सत्ता कब्जा गरेयता सशस्त्र प्रतिरोधको सामना गरिरहेको सेनाले हालैका महिनाहरूमा गृहयुद्धका कारण पहिलेदेखि नै सङ्कटग्रस्त देशको अर्थतन्त्रलाई तहसनहस पारिरहेका बेला कैयौं अधिकारीलाई हिरासतमा लिएको छ।

आर्थिक सङ्कटमा फसेको सैनिक शासन जुन्टाले उत्तरमा जातीय सशस्त्र समूहहरूको हालैको आक्रमणसँग पनि लडिरहेको छ जसले चीनसँगको महत्वपूर्ण सीमापार व्यापारलाई अवरुद्ध पारेको छ र उनीहरूले सत्ता सम्हालेदेखि जनरलहरूका लागि सबैभन्दा गम्भीर सैन्य चुनौती खडा गरेको छ।

गत सेप्टेम्बरमा गरिएको फेरबदलमा सत्तारुढ राज्य प्रशासन परिषद्‌बाट पूर्वगृहमन्त्री सोए हटुटलाई हटाइएको थियो।

म्यान्मारको सरकारी सञ्चारमाध्यम द ग्लोबल न्यू लाइट अफ म्यान्मारका अनुसार उहाँमाथि कानुनको सम्बन्धित दफाअन्तर्गत अभियोग लगाइएको छ र कोर्ट मार्सलले उहाँको मुद्दाको फैसला गर्दै उहाँलाई पाँच वर्षको जेल सजाय सुनाएको छ।

सोए हटुटले मातहतका कर्मचारीलाई ‘आफ्नो ओहदा र अधिकारको अनुचित प्रयोग गरेर’ देशमा सञ्चालित कम्पनीहरूलाई राहदानी जारी गर्न आदेश दिएको अखबारले उल्लेख गरेको छ। “उहाँले घुस लिएको र गृह मन्त्रालयको कर्मचारी कल्याण कोषका लागि वित्तीय नियम र विनियमसँग मेल नखाने उपक्रमहरूको सुपरिवेक्षण गर्न असफल भएको’ विज्ञप्तिमा उल्लेख छ।


# म्यान्मारको जुन्टा प्रमुखका निकटस्थ अधिकारीलाई भ्रष्टाचार अभियोगमा जेल चलान

**एएफपी**

बैंकक। म्यानमारका एक उच्च जनरलका निकट सहयोगीलाई भ्रष्टाचारको आरोपमा पाँच वर्षको जेल सजाय सुनाइएको छ । सन् २०२१ को ‘कू’पछि सत्ता कब्जा गरेयता सशस्त्र प्रतिरोधको सामना गरिरहेको सेनाले हालैका महिनामा गृहयुद्धका कारण पहिलेदेखि नै सङ्कटग्रस्त देशको अर्थतन्त्रलाई तहसनहस पारिरहेका बेला कैयौं अधिकारीहरूलाई हिरासतमा लिएको छ।

आर्थिक सङ्कटमा फसेको सैनिक शासन जुन्टाले उत्तरमा जातीय सशस्त्र समूहहरूको हालैको आक्रमणसँग पनि लडिरहेको छ जसले चीनसँगको महत्वपूर्ण सीमापार व्यापारलाई अवरुद्ध पारेको छ र उनीहरूले सत्ता सम्हालेदेखि जनरलहरूका लागि सबैभन्दा गम्भीर सैन्य चुनौती खडा गरेको छ । गत सेप्टेम्बरमा गरिएको फेरबदलमा सत्तारुढ राज्य प्रशासन परिषद्‌बाट पूर्वगृहमन्त्री सोए हटुटलाई हटाइएको थियो।

म्यान्मारको सरकारी सञ्चारमाध्यम द ग्लोबल न्यू लाइट अफ म्यान्मारका अनुसार उहाँमाथि कानुनको सम्बन्धित दफाअन्तर्गत अभियोग लगाइएको छ र कोर्ट मार्सलले उहाँको मुद्दाको फैसला गर्दै उहाँलाई पाँच वर्षको जेल सजाय सुनाएको छ।

सोए हटुटले मातहतका कर्मचारीलाई ‘आफ्नो ओहदा र अधिकारको अनुचित प्रयोग गरेर’ देशमा सञ्चालित कम्पनीहरूलाई राहदानी जारी गर्न आदेश दिएको अखबारले उल्लेख गरेको छ। “उहाँले घुस लिएको र गृह मन्त्रालयको कर्मचारी कल्याण कोषका लागि वित्तीय नियम र विनियमसँग मेल नखाने उपक्रमहरूको सुपरिवेक्षण गर्न असफल भएको’ विज्ञप्तिमा उल्लेख छ।


# चीनसँग ‘स्वस्थ’ सम्बन्धका लागि काम गरिरहेको अमेरिकी ट्रेजरीको भनाइ

**एएफपी**

सान फ्रान्सिस्को । अमेरिकी अर्थमन्त्री जेनेट येलेनले विश्वका दुई ठूला अर्थतन्त्र भएका मुलुकबीच तनावपूर्ण सम्बन्धपछि वासिङ्टन र बेइजिङबीच ‘स्वस्थ आर्थिक सम्बन्ध’ पुनःस्थापित हुनुपर्नेमा जोड दिनुभएको छ।

युक्रेनमाथि आक्रमणका लागि रूसलाई रक्षा उपकरण आपूर्ति गर्ने चिनियाँ कम्पनीविरुद्ध एकतर्फी कदम चाल्न अमेरिकापछि नहट्ने उहाँले बताउनुभयो।

“हामी हाम्रो अर्थतन्त्रलाई चीनबाट अलग गर्न चाहँदैनौं”, सान फ्रान्सिस्कोमा चीनकाउपप्रधानमन्त्रीहेलिफेङसँग दुईदिनेबैठकपछियेलेनलेभन्नुभयो, “यसले अमेरिका र चीन दुवैलाई हानि पुर्‍याउनुका साथै विश्वलाई अस्थिर बनाउनेछ।

अमेरिकी राष्ट्रपति जो बाइडेन र चीनका प्रधानमन्त्री सी चिनफिङबीच आगामी साता क्यालिफोर्नियामा हुने एपेक (एसिया प्यासिफिक इकोनोमिक कोअपरेसन) शिखर सम्मेलनमा भाग लिन जानुअघि यो बैठक भएको हो। वासिङ्टन र बेइजिङबीचको सम्बन्ध विशेष गरी पूर्वअमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको पालामा बिग्रिएको थियो, जसले चीनलाई घरेलु पारदर्शीताको रूपमा प्रयोग गर्नुभयो र अमेरिकी उत्पादनलाई बढावा दिने आफ्नो अभियानको एक भागको रूपमा चिनियाँ आयातमा करवृद्धि गर्नुभयो । बाइडेनको शासनकालमा वक्तव्यबाजीमा सुधार आएन र बेइजिङले रूससँगको सहकार्यलाई बढावा दिँदा सम्बन्ध थप तनावपूर्ण बनेको छ । हालैका महिनामा बाइडन प्रशासनले अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केन, येलेन र वाणिज्यमन्त्री जिना राइमोन्डोको चीन भ्रमणसहित केही स-साना कदम चालेको छ।

> **युक्रेनमाथि आक्रमणका लागि रूसलाई रक्षा उपकरण आपूर्ति गर्ने चिनियाँ कम्पनीविरुद्ध एकतर्फी कदम चाल्न अमेरिकापछि नहट्ने उहाँले बताउनुभयो।**

येलेनले भन्नुभयो, “विगत दुई दिनमा, चिनियाँ उपप्रधानमन्त्री र मैले यस जगलाई स्पष्ट, प्रत्यक्ष र उत्पादक वार्ताका साथ निर्माण गरेका छौं।” “व्यक्तिगत कूटनीतिको विकल्प छैन”, उहाँले भन्नुभयो “थप वार्ताका लागि अर्को वर्ष चीन जाने सहमति भएको छ।” यद्यपि येलेनले आफ्ना समकक्षीलाई चेतावनी दिँदै चिनियाँ कम्पनीहरूले रूसद्वारा गरिएको युक्रेन आक्रमणमा सहयोग गरिरहेको कुरा वासिङ्टनलाई थाहा भएको बताउनुभएको थियो । उहाँले भन्नुभयो, “हामीले प्रतिबन्धका कार्यक्रम लागू गरेका छौं, तर रूसको सैन्य प्रयासका लागि महत्वपूर्ण उपकरणहरू अझै पनि प्रतिबन्धबाट बचिरहेका छन् र रूसलाई सहयोग पुर्‍याइएका छन्। यसप्रति हामी चिन्तित छौं।”

# पाकिस्तानबाट निर्वासित अफगान शरणार्थीद्वारा परिवारका थप सदस्य स्वदेश आउन नसकेको दावी

**एएनआई**

काबुल । पाकिस्तानबाट निर्वासित गरिएका सात हजार भन्दाबढी अफगानी शरणार्थीले आफ्ना परिवारका सदस्य विदेशमा नै रहेको बताएको टोलो न्युजले रिपोर्ट गरेको छ । टोलो न्युज काबुलबाट प्रसारण हुने अफगानी समाचार संस्था हो। महिला तथा बालबालिकासहित निर्वासित शरणार्थीहरूले अझै पनि पाकिस्तानमा आफ्ना परिवारको अवस्थाको बारेमा कुनै पनि जानकारी नभएको टोलो न्युजलाई बताएका हुन्।

निर्वासित शरणार्थीमध्येका एक जना नुर मोहम्मदले भन्नुभयो, “कुरान कण्ठ गर्ने मेरा छोराहरू बाहिर जाँदै गर्दा धार्मिक विद्यालयका विद्यार्थीहरूलाई सीमामा ल्याएर निष्कासन गरे।

उनीहरू घर आई हाम्रो सामानहरू लिएर गाडीमा फ्याँक्दै थिए, जुन क्रूरताको सुरुवात थियो, र हामी एकान्त गल्लीमा एक्लै बस्न सक्दैनौं,” टोलो न्यूजका अनुसार अर्का शरणार्थी अब्दुल्लाले भन्नुभयो । पाकिस्तानबाट अफगानी शरणार्थीहरूलाई जबरजस्ती देश निकाला गर्न थालेपछि स्पिन बोल्दाक नाकाबाट पचास हजारभन्दा बढी अफगानीहरू स्वदेश फर्किएका छन्।



जनकपुरधामको जनक चौकमा सयपत्रीको माला बिक्री। फोटो : संजय कुमार यादव/टुडे

# टेलिकमको आमदानी घट्यो




काठमाण्डु। नेपाल टेलिकमको आर्थिक वर्ष २०८०/८१ को पहिलो तीन महिनामा रू ३९ करोड बढी आम्दानी घटेको छ। टेलिकमले शनिबार सार्वजनिक गरेको प्रथम त्रैमासिकको वित्तिय विवरणअनुसार चालु आवको प्रथम त्रैमासिक अवधि (२०८० आश्विन मसान्त) सम्मको कूल आय रू १० अर्ब ६४ करोड ८७ लाख ९३ हजार रहेको जनाइएको छ।

उक्त रकम गत आवको सोही अवधिको कूल आयको तुलनामा तीन दशमलव ५४ प्रतिशतले कमी भएको हो। गत आवमा रू ११ अर्ब चार करोड ९० हजार आम्दानी भएको थियो। उक्त आम्दानीको तुलनामा चालू आवमा रु ३९ करोड १२ लाख ९७ हजार कमी भएको टेलिकमले जनाएको छ।

कम्पनीको कूल सञ्चालन आय पनि रू ४९ करोड २५ लाख २१ हजार घटेको छ। चालु आवको प्रथम त्रैमासिक अवधिसम्मको कूल सञ्चालन आय रू आठ अर्ब ५८ करोड ५० लाख ६३ हजार रहेको छ। उक्त रकम गत आवको सोही अवधिको कूल सञ्चालन आय रू नौ अर्ब सात करोड ७५ लाख ८४ हजारको तुलनामा रू ४९ करोड २५ लाख २१ हजार (अर्थात्, ५.४३ प्रतिशत) ले कमी भएको टेलिकमले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

चालु आवको प्रथम त्रैमासिक अवधिसम्मको खुद मुनाफामा पनि कमी आएको जनाएको छ। कम्पनीको खुद मुनाफा प्रथम तीन महिनामा रू दुई अर्ब दुई करोड ७४ लाख ३२ हजार रहेको छ। उक्त रकम गत आवको सोही अवधिमा रू दुई अर्ब २२ करोड ५५ लाख छ हजार रहेको थियो। गत आवको तुलनामा चालू आवमा रू १९ करोड ८० लाख ७४ हजार (अर्थात, ८.९० प्रतिशत) ले कमी भएको छ।

कम्पनीको प्रतिशेयर आम्दानी यस त्रैमासिक अवधिमा रू ४५.०५ रहेको छ। चालु आवमा राजश्व तथा खुद मुनाफामा परिवर्तन हुनुका प्रमुख कारणमा ओटिटी सेवाको बढ्दो प्रयोगक रहेको जनाइएको छ।

राष्ट्को सञ्चार भएकोले बढी लागत तथा कम प्रतिफल प्राप्त हुने विकट तथा दुर्गम स्थानमा समेत सेवा विस्तार र गुणस्तर सुधारको कार्यमा निरन्तर लागिरहेको र लागतसमेत बढिरहेको जनाइएको छ। सेवाको दररेट निर्धारणसम्बन्धी नीति तथा नियमहरू परिवर्तन भएका कारणले सेवाको दररेटमा कटौती भई राजश्वमा प्रतिकुल असर पर्नुका साथै बैंक व्याजदरमा भएको परिवर्तनका कारण वित्तीय आम्दानी करिब कमी भएको विज्ञप्तिमा उल्लेख गरिएको छ। रासस

# केराखेती मासेर फूलखेती



नारायणगढ। चितवनको कालिका नगरपालिका-१ का किसानले केराखेती मासेर फूलखेती गर्न थालेका छन्। वडा नं १ लङ्कालाइनका कृषक महेन्द्रप्रसाद पौडेल र चेकमान वाइबाले केराखेती गरिँदै आएको जग्गामा संयुक्तरूपमा फूलखेती थालेका हुन्।

तीन बिघा क्षेत्रफलमा लगाइएको केराखेती मासेर व्यावसायिक सयपत्री फूलखेती थालिएको पौडेलले बताउनुभयो। विगतका वर्षमा करोडौँको फूल विदेशबाट आयात भएको देखेर देशलाई फूलमा आत्मनिर्भर बनाउन केही सहयोग पुगोस् भन्ने उद्देश्यका साथ यहाँ फूलखेती गरिएको उहाँको भनाइ थियो।

कालिका-५ का स्थानीय बासिन्दा पौडेल एक प्राङ्गारिक कृषिको अभियन्तासमेत हुनुहुन्छ। उहाँले योसँगै अन्य स्थानमा विभिन्न तरकारी तथा फलफूलको प्राङ्गारिक खेती गर्दै आउनुभएको छ। "विगतमा केराखेती गरिँदै आएको जग्गा भाडामा लिएर यस वर्ष सयपत्री फूलको खेती गरेका हौँ", उहाँले भन्नुभयो, "स्थानीयस्तरमा विदेशी फूलको आयात रोकिएमा हामीले यसबाट सोचेजस्तो आम्दानी लिन सक्छौँ।"

उन्नति कृषि फार्ममार्फत एकै ठाउँमा तीन बिघा क्षेत्रफल जग्गामा फूलखेती गर्दै आएको बताउँदै पौडेलले यस स्थानमा ६० हजार सयपत्री फूलका बिरुवा रोपेको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "राम्रो बजारीकरण हुनसकेमा एउटा बिरुवाबाट हामीले रू ३० देखि ४० सम्म लिन सक्छौँ।" दुई जना मिलेर फूलखेती सुरु गरेको भन्दै उहाँले यसका लागि करिब रू पाँच लाख ५० हजार लगानी भएको बताउनुभयो।

पौडेलले यसबाट रू १५ लाखको आम्दानी हुने आशा व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो, "पहिला केराखेती गर्दा रासायनिक विषादीको प्रयोगले जग्गा बिग्रेको थियो। यसलाई विस्तारै सुधार्दै लगेर प्राङ्गारीकतर्फ लैजाने योजना छ।" यहाँ सूर्यमुखी फूलको खेती पनि गर्ने तयारी भइरहेको उहाँले जानकारी गराउनुभयो।

रत्ननगर नगरपालिका-१५ घर भएका कृषक वाइबाले पौडेलसँग मिलेर पहिलोपटक साझेदारीमा फूलखेती गरेको बताउनुभयो। विगतको वर्षमा भन्दा यस वर्ष चितवनमा फूलखेती अलि बढीमात्रामा गरिएको भन्दै उहाँले यहाँ उत्पादन भएका फूल स्थानीय बजारमाभन्दा पनि काठमाडौँ, पोखरा, बुटवललगायत सहरमा निर्यात गर्ने गरिएको जानकारी दिनुभयो। रासस

# फूलमाला बिक्री गर्न महानगरले चार स्थान तोक्यो

काठमाण्डु। काठमाडौँमहानगरपालिकाले तिहारका अवसरमा नेपाली फूलको प्रयोग र उत्पादनलाई प्रवर्द्धन गर्न महानगर क्षेत्रभित्रका चार स्थानमा बिक्रीवितरणका लागि सहजीकरण गर्ने भएको छ।

दिपावलीमा घरघरमा नेपाली फूलको प्रयोग गरी स्वदेशी उत्पादनलाई प्रवर्द्धन र किसानलाई प्रोत्साहन गर्न महानगरपालिकाभित्रका चार स्थानमा बिक्रीवितरणको व्यवस्था मिलाइएको महानगर प्रहरी बलका प्रमुख राजुनाथ पाण्डेले जानकारी दिनुभयो। नेपाली फूल सयपत्री, मखमली र गोदावरीलाई सहज र सुलभ मूल्यमा उपभोक्तासमक्ष पुऱ्याउन भृकुटीमण्डप, तीनकुने, बालाजुस्थित भ्याली कोल्डस्टोर र हाँडीगाउँ कृष्णमन्दिर नजिक बिक्रीस्थल तोकिएको उहाँले बताउनुभयो।

महानगरपालिका प्रमुख बालेन्द्र साहले नेपाली फूल उत्पादनलाई प्रोत्साहन गर्न दीपावलीमा प्रत्येक घरमा नेपाली फूल प्रयोग हुनुपर्छ भन्ने निर्देशनअनुरुप महानगरपालिकाले सहजीकरण गर्न लागेको वरिष्ठ नगर प्रहरी उपरीक्षक पाण्डे स्पष्ट पार्नुभयो। महानगरपालिकाले आज पत्रकार सम्मेलनमार्फत नेपाली उत्पादनलाई प्रोत्साहन गर्ने कार्यमा सहयोग पुऱ्याउन सबैसँग आग्रह गर्दै आगामी दिनमा अझ व्यवस्थित गरिने प्रतिबद्धता जनाएको छ।

नेपाल फ्लोरिकल्चर एशोसिएनका अध्यक्ष मीनबहादुर तामाङले अघिल्ला वर्षको तुलनामा यस वर्ष करिब दुई सय बिघा बढी जग्गामा फूलखेती वृद्धि भएकाले नेपाली बजारमा स्वदेशी उत्पादनले धान्ने बताउनुभयो। उहाँले भन्नुभयो, "स्वदेशी फूल र माला मात्रै प्रयोग गर्ने भनिए पनि अहिलेसम्म करिब तीन लाख किलोभन्दा बढी फूल भित्रिएको तथ्याङ्क छ।"

विगतका वर्षमा प्रमुख चाडमा ९० प्रतिशत फूल भारतसँग निर्भर रहने गरेकामा केही वर्षयता नेपाली फूलले ८० प्रतिशतभन्दा बढी हिस्सा ओगटेको सो अवसरमा जानकारी दिइयो। भारतीय फूलको माला सुतलीमा उनिएको हुन्छ भने नेपाली फूलको माला सेतो धागोबाट तयार हुने भएकाले सहजै चिन्न सकिने व्यवसायीको भनाइ छ। अध्यक्ष तामाङले उपभोक्तालाई नेपाली उत्पादनको प्रयोगका लागि आह्वान गरिएकाले अस्वाभाविक मूल्यवृद्धि नगर्न र सहुलियत मूल्यमा उपलब्ध गराउन किसान र व्यवसायीलाई आग्रह गर्नुभयो।

नेपाल चेम्बर्स अफ कमर्श काठमाडौँका अध्यक्ष कृष्णमान श्रेष्ठले फूलैफूलको पर्व तिहारमा उपभोक्तालाई मनासिव मूल्यमा नेपाली उत्पादन पुऱ्याउने र क्रमशः आत्मनिर्भर हुने प्रयासमा सहयोग पुऱ्याउन आह्वान गर्नुभयो। उहाँले



भन्नुभयो, "स्वदेशी ताजा र सुगन्धित फूल र माला चढाएर लक्ष्मी खुसी पार्नुस्, दाजु र भाइलाई पूजा गर्नुस्। सहजरूपमा गुणस्तरीय नेपाली फूलमा किनेर किसानलाई समर्थन र सहयोग गर्नुपर्छ।" नेपाल उद्योग वाणिज्य महासङ्घका प्रतिनिधि सुनिता न्हेमाफूकीले मुलुकको फूलको ठूलो बजार काठमाडौँ उपत्यका भएकाले महानगरपालिको स्वदेशी उत्पादन प्रवर्द्धन र सम्मान गरौँ भन्ने अभियानले किसानलाई प्रोत्साहन गरेको प्रतिक्रिया दिनुभयो।

राष्ट्रिय कृषक समूह महासङ्घका संस्थापक अध्यक्ष उद्धव अधिकारीले नेपाल बहुधार्मिक, बहुसास्कृतिक र बहुभाषिक, बहुजातीय मुलुक भएकाले प्रत्येक दिनहुँजसो मनाइने पर्व र सांस्कृतिक कार्यक्रममा कुनै न कुनैरूपमा फूलको प्रयोग हुँदै आएको बताउनुभयो। उहाँले भन्नुभयो, "आयात र निर्यातबीचको सन्तुलन कायम गर्न तथा स्वदेशी उत्पादनलाई प्रवर्द्धन गर्न फूललगायत उत्पादनलाई प्रोत्साहन गर्नुपर्छ। तिहारमा नेपाली फूलको प्रयोग अभियान पनि त्यसको एउटा हिस्सा हो।"

गाउँघरमा आफ्नै खेतबारीमा उत्पादन हुने भए पनि अधिकांश किसानले यसलाई व्यावसायिक प्रयोजनसित जोड्न सकेका छैनन्। तिहारमा मात्रै सहरी क्षेत्रमा झण्डै ४० लाख थान माला बिक्री हुने गरेकामा त्यसमध्ये सयपत्रीको ३५ लाख थान तथा बाँकी गोदावरी, मखमलीलगायत फूलको माला बिक्री हुने गरेको छ। तिहारमा मात्रै करिब रु ३५ करोड बराबरको फूलको कारोबार हुने गरेको बताइएको छ। रासस

# झिनियाँ बेचेर मनग्य आम्दानी



गलकोट। तिहारमा झिनियाँको खपत अत्यधिक हुने गर्दछ। यतिबेला बागलुङका महिला उद्यमी झिनियाँ बनाउन व्यस्त छन्। तिहारमा अत्यावश्यक परिकारका रुपमा मानिएको झिनियाँ र चिनीसहितका विभिन्न रोटीका परिकार बनाएरै महिला उद्यमीले मनग्य आम्दानी गर्दै आएका छन्।

झिनियाँसहित विभिन्न तयारी रोटी उत्पादन हुन थालेपछि घरमै बनाउने परिकारसमेत स्थानीयले खरिद गरेर लैजान थालेपछि घरेलु महिला उद्यमी व्यस्त भएका हुन्।

विगत १० वर्षदेखि तिहार नजिकिएसँगै झिनियाँ, चिनि, फिनी, भेलीलगायत रोटीका परिकार बनाउन व्यस्त भएको बागलुङ नगरपालिका-१ रामरेखाका शर्मिला श्रेष्ठले बताउनुभयो। "तिहार नजिकिँदै आएसँगै झिनियाँको कारोबार उच्च छ। अहिले म जस्ता दर्जनौँ महिला झिनियाँसहितका रोटीका परिकार बिक्री गरेर मनग्य आम्दानी गरिरहेका छौँ", उहाँले भन्नुभयो, "तिहारमा मात्रै रू चार/पाँच लाखको झिनियाँ सहित अन्य तयारी रोटीको कारोवार हुन्छ।"

यस्तै १२ वर्षदेखि बागलुङ नगरपालिका-१ स्थित मरेपिपलमा झिनियाँसहितका सात प्रकारका रोटीका परिकार बनाउँदै आउनुभएकी मिरा श्रेष्ठले रोटीका परिकारको बिक्री भइरहेको बताउनुभयो। उहाँले यसपटक सेतो झिनियाँको उत्पादन बढाइएको जानकारी दिनुभयो। हिन्दूहरुको दोस्रो ठूलो पर्व तिहारका अवसरमा प्रयोग हुने झिनियाँ बनाउन यहाँका महिला उद्यमीलाई भ्याइनभ्याइ छ। सिजनको व्यापारमा कमाएको रकमले वर्षभरी घरखर्च पुग्ने उद्यमीहरुको भनाइ छ।

मिराले विगत १२ वर्षदेखि झिनियाँ, चिनी, फिनी, सेल र भेली रोटी तथा खुरमा र नमकिन बनाएरै राम्रो आम्दानी गर्न सफल हुनुभएको छ। "तिहारमा झिनियाँको व्यापार बढी हुन्छ। तिहार नआउँदै बाटर झिनियाँ बनाउँदै सुकाउन निकै व्यस्त भइन्छ। पहिला जस्तो नाफा त छैन, चामालको मूल्य बढेपछि नाफा थोरै भएको हो", मिराले भन्नुभयो, "पछिल्लो समय झिनियाँसँगै चिनी तथा फिनी र तयारी सेल रोटीको माग उच्च छ। यसपटक पानी नपरेकाले झिनियाँ सुकाउन समस्या भएन। झिनियाँको माग अनुसार निर्माण गर्न समस्या छ।"

मिरासँगै उनका श्रीमान् र छोराले दसैँअघिदेखि रातदिन नभनेर विभिन्न रोटीका तयारी परिकारहरु बनाइराखेका छन्। तिहारका समयमा बढीमात्रामा प्रयोग हुने झिनियाँको माग बढ्न थालेपछि बागलुङका घरेलु उद्यमीलाई भ्याइनभ्याइ छ। बजारका अधिकांश तयारी रोटीको माग महिला उद्यमीहरुले धान्दै आएका छन्।

मिराले तिहारको सिजनमा झिनियाँसहित अन्य तयारी परिकार बिक्रीबाट रू सात लाखसम्म आम्दानी गर्ने लक्ष्य रहेको जानकारी दिनुभयो। नेपाली समाजमा तिहारको भाइटीकामा सप्तरङ्गी झिनियाँ कोसेलीका रूपमा दाजुभाइलाई खुवाउने परम्परा रहे पनि अन्य पूजाआजा र चाडपर्वमासमेत तयारी रोटीको माग रहेको उहाँको भनाइ थियो।

रङ्ग मिसाइएको झिनियाँ रोटी उत्पादन नगर्न जिल्ला प्रशासन कार्यालय बागलुङले आग्रह गरेपछि यसपटक धेरै महिला उद्यमीले सेतो झिनियाँ उत्पादन बढाएका छन्।

रङ्ग मिसाइएको परिकारका कारण घातक रोग लाग्न सक्ने भन्दै सप्तरङ्गी झिनियाँ उत्पादन नगर्न बागलुङ नगरपालिकालेसमेत अनुरोध गरेको छ। उपभोक्ताले भने रङ्ग मिसिएकै झिनियाँ बढी माग गर्ने उद्यमीको भनाइ छ। उद्यमीले खाद्य रङ्ग मिसाए पनि तेलमा तार्दा रङले स्वास्थ्यमा असर गर्ने भन्दै सादा झिनियाँ उत्पादन गर्न आग्रह गरिएको छ।

बागलुङमा थोक मूल्यमा झिनियाँ प्रतिदर्जन ठूलोमा रू दुई सय ५० र सानोमा रू एक सय ४० मा बिक्री हुँदै आएको छ। खुद्रा र होलसेल गरी दुईथरी मूल्य कायम गरेर बिक्री भइरहेको छ। यस्तै, चिनी रोटी रू ८०, फिनी रू ७०, भेली रू ५० र नमकिन रू ५० मा बिक्री भइरहेको छ। रासस

# सेतीमा एक अर्बको लागतमा 'सिग्नेचर आर्च ब्रिज' निर्माण गरिँदै

कास्की। पर्यटकीय सहर पोखराको बजार क्षेत्र प्रवेशको मुख्यद्वार पृथ्वीचोकस्थित सेती नदीमाथि रु एक अर्ब सात करोड २४ लाखको लागतमा 'सिग्नेचर आर्च ब्रिज' निर्माण गर्न लागिएको छ। एसियाली विकास बैंकको ऋण सहयोगमा सडक विभागमार्फत उक्त पुल निर्माण गर्न लागिएको हो।

पोखरा-मुग्लिन राजमार्ग सुधार आयोजनाअन्तर्गत पृथ्वीराजमार्गमा निर्माण हुने उक्त पुलको भौतिक पूर्वाधार तथा यातायात व्यवस्थामन्त्री प्रकाश ज्वालाले शनिबार एक कार्यक्रमबीच शिलान्यास गर्नुभयो। आगामी २०८२ भदौसम्म निर्माण सम्पन्न गर्ने उद्देश्यका साथ सो पुल निर्माणको ठेक्का रसुवा कन्स्ट्रक्सन कम्पनीलाई दिइएको छ। सेती नदीमा हाल रहेको पुलको दुवैतर्फ थप दुई लेनका एक/एक पुल निर्माण गरिने मुग्लिन-पोखरा राजमार्ग सुधार आयोजना पश्चिम खण्डका आयोजना प्रमुख राजेश पौडेलले बताउनुभयो। पुल निर्माणपछि यसले पोखरा पर्यटनको थप गन्तव्य बन्ने विश्वास लिइएको छ।

प्रमुख पौडेलका अनुसार निर्माण हुने 'सिग्नेचर आर्च' पुल विशिष्ट खालको र आकर्षक हुनेछ। उहाँले भन्नुभयो, "पुल निर्मापछि यातायात व्यवस्थापनसहित पोखराको पर्यटन विकासमा समेत मद्दत पुग्नेछ। यो पुल पोखराको सेल्फी ब्रिजका रूपमा चिनिने छ।"

पृथ्वीचोकमा चार दशकअघि निर्माण गरिएको हालको पुल साँघुरो हुँदा यातायात व्यवस्थापनमा समस्या हुँदै आएको थियो। सडकअनुसार पुल साँघुरेको हुँदा पृथ्वीचोकमा लामो समयसम्म जाम हुने समस्या पुल निर्माणपछि हट्ने विश्वास छ। सोही पुल हुँदै देशका विभिन्न गन्तव्यमा लामो तथा छोटो दूरीका यात्रुवाहक सवारी साधन तथा मालवाहक सवारी दैनिक ओहोरदोहोर गर्दै आएका छन्।

एक सय ९० मिटरको उक्त पुल निर्माणमा कङ्क्रिट र फलामको प्रयोग हुने बताइन्छ। पुल निर्माणको प्रारम्भिक काम भने यसअघि नै सुरु भइसकेको छ। निर्माण कम्पनीका इन्जिनियर सुदर्शन देवकोटाले स्थानीयस्तरमा समस्या नआएको खण्डमा पुल तोकिएको मितिमै सम्पन्न हुने बताउनुभये। उहाँले भन्नुभयो, "काममा कुनै बाधा आएन भने निर्धारित समयमै पुल बन्छ। निर्माण कम्पनीका तर्फबाट हामी प्रतिबद्धता गर्न चाहन्छौँ।" रासस

# राहत सामग्रीसहित उपप्रधानमन्त्री खड्का रुकुम पश्चिममा

काठमाण्डु। उपप्रधानमन्त्री तथा रक्षा मन्त्री पूर्णबहादुर खड्काले भूकम्प प्रभावित क्षेत्रका सबै पीडितलाई राहत सामग्री उपलब्ध गराउने काम भइरहेको बताउनुभएको छ।

भूकम्पपीडित परिवारका लागि राहत लिएर शनिबार रुकुम पश्चिम पुग्नुभएका उपप्रधानमन्त्री खड्काले भूकम्प प्रभावितले समयमै राहत नपाएको विषयमा सरकार गम्भीर भएको उल्लेख गर्दै आइतबारसम्म सबै पीडितलाई राहत सामग्री पुऱ्याउने बताउनुभयो। करिब एक हजार दुई सय परिवारलाई पुग्ने त्रिपाल लिएर उहाँ आज प्रभावित क्षेत्रमा पुग्नुभएको हो।

उपप्रधानमन्त्री खड्काले रूकुम पश्चिम पुऱ्याएको त्रिपालमध्ये जाजरकोटको भेरी नगरपालिका, रूकुम पश्चिमको चौरजहारी नगरपालिका र मुसिकोट नगरपालिकामा पाँच/पाँच सय तथा सल्यानको बाँफीकोट गाउँपालिकामा दुई सय ९२ र सल्यानकै त्रिवेणी गाउँपालिकामा पाँच सय वटा वितरण गरिनेछ। यही कात्तिक १७ गते जाजरकोट केन्द्र भई भूकम्प गए यता उपप्रधानमन्त्री खड्का भूकम्प प्रभावितको उद्धार र राहतमा सक्रिय हुनुहुन्छ। स्थानीय तह र प्रशासन र प्रदेश सरकारसँग समन्वय गर्दै राहत अपुग स्थानमा क्षेत्रमा स्थल र हवाईमार्गमार्फत उहाँ राहत वितरण कार्यमा केन्द्रित हुनुहुन्छ। रासस

# ३० प्रतिशत बजेट कटौती

**टुडे समाचारदाता**

बारा । जीतपुरसिमरा उपमहानगरपालिकाले चालु आर्थिक वर्षको वडा स्तरीय बजेटमा ३० प्रतिशतले कटौती गरेको छ ।

आर्थिक वर्ष २०८०/०८१ का लागि स्वीकृत भएको वडास्तरीय कार्यक्रम तथा योजनाहरुको ३० प्रतिशत बजेट कटौती गरिएको जीतपुरसिमरा उपमहानगरपालिकाले जनाएको छ ।



कात्तिक २२ गते नगरप्रमुख राजन पौडेलको अध्यक्षतामा बसेको बैठकले स्वीकृत बजेटमा ३० प्रतिशत बजेट घाटा बजेट रहेकाले ७० प्रतिशत बजेटको सीमा भित्र रही योजना तथा कार्यक्रम सञ्चालन गर्न निर्देशन दिएको छ ।

साथै बैठकले मँसिर मसान्तसम्ममा खरिद विधि( उपभोक्ता समिति,सिलबन्दी कोटेशन ,बोलपत्र) छनोट गरेर फागुन मसान्तभित्र खरिद सम्भौता गर्ने योजना तथा कार्यक्रमहरु कार्यान्वयन प्रक्रिया अघि बढाउन निर्णय गरेको बजेट योजना तथा सूचना प्रविधि महाशाखा प्रमुखले जारी गरेको सूचनामा उल्लेख छ ।

आन्तरिक आयतर्फ कुल बजेट रु १३९ करोड बजेट अनुमान गरिएकोमा हालसम्ममा ५४ करोड आम्दानी भइ सञ्चित कोषमा दाखिला भएकाले बजेटको सुनिश्चितता नभएका कारण यस्तो गर्नुपरेको जीतपुरसिमरा उपमहानगरपालिकाले जनाएको छ ।

उपमहानगरपालिकाले चालु आर्थिक वर्षको साउन देखि कार्तिक २४ गतेसम्म ६ करोड १६ लाख ४ हजार ९ सय ८१ रुपैयाँ राजश्व संकलन गरेको राजश्व शाखा प्रमुख रमेश सुवेदीले जानकारी दिए ।

## जसपामा आरोप प्रत्यारोप तीव्र

# संस्थापन पक्षद्वारा असन्तुष्ट पक्षलाई कारवाहीको धम्की

**टुडे समाचारदाता**

राजविराज । सप्तरीमा जनता समाजवादी पार्टी नेपालको आन्तरिक द्वन्द्व चर्किँदै गएको छ । पार्टीका केन्द्रीय राजनीतिक समितिका सदस्य रेणु यादव, शैलेन्द्र प्रसाद साह तथा स्थानीय केही प्रभावशाली नेताको योजनामा जिल्ला स्तरीय भेलामार्फत ५७ सदस्यीय नयाँ जिल्ला कार्य समिति गठन गरेको तेश्रो दिन शनिबार त्यसलाई अवैधानिक भन्दै संस्थापन भनिएका जिल्ला कार्य समितिले पत्रकार सम्मेलनमार्फत कारवाही प्रक्रियामा जाने धम्की दिएपछि आन्तरिक द्वन्द्व चर्किएको छ ।



पार्टीका असन्तुष्ट पक्षले राजनीतिक समितिका सदस्य रेणु यादव, शैलेन्द्र प्रसाद साह, मधेश प्रदेशका उपाध्यक्ष शम्भु भा, केन्द्रीय सदस्य जगदेव यादव, दीपक यादवलगायतको उपस्थितिमा तीन दिन अघि उमेश प्रसाद यादवको अध्यक्षतामा ५७ सदस्यीय नयाँ जिल्ला कार्यसमिति गठन गरेको थियो । तर उक्त समिति अवैधानिक भएको तथा केही नेताको स्वार्थपूर्तिका लागि गरिएको भन्दै शनिबार संस्थापन पक्ष भनिएका जिल्ला अध्यक्ष केदार यादवले पत्रकार सम्मेलनको आयोजना गरी कुनै पनि हालतमा उमेश प्रसाद यादव नेतृत्वको नयाँ कार्यसमितिले मान्यता नपाउने दाबी गरेका छन् ।

पार्टीको विधान, परिपत्र र पद्धति विपरीत भेला गरी गठन गरिएको समिति अवैधानिक हो, अध्यक्ष केदार यादवले भने-'पुरानो जिल्ला कार्यसमितिका ४८ मध्ये ४५ जना यसमा नै रहेकाले हाम्रो समिति नै अधिकारिक र वैधानिक हो ।'

आफूहरु पार्टीको विधान, परिपत्र र पद्धति अनुसार नै चयन भएकाले सोही प्रक्रियाबाट मात्र परिवर्तन हुनसक्ने भन्दै उनले अवैधानिक ढंगले आयोजना गरिएको भेलाबाट गठित भएको अर्को समिति अवैधानिक, नौटंकी र बार्गेनिङको लागि मात्र भएको दाबी गरे । पार्टीको विधान र पद्धति विपरीत भएको असन्तुष्ट पक्षको भेलाबाट स्वघोषित पदाधिकारी तथा तिनलाई प्रयोग गर्ने नेताहरुलाई कारवाही प्रक्रिया अघि बढाउन थालिएको र यस क्रममा पहिलो चरणमा उनीहरुलाई स्पष्टिकरण सोध्ने तयारी भएको उनले जानकारी दिए ।

पार्टीको जिल्ला र केन्द्रको निर्णय विपरीत असन्तुष्ट पक्षले गरेको भेलाबाट गठित समिति अमान्य रहेको उनको भनाइ छ ।

उनले जिल्ला कार्यसमितिको बसेको बैठकले पार्टी विरोधी गतिविधिमा लागेकालाई छानबिन गरी दोषी पाइएकालाई कारवाही गर्ने सर्वसम्मत निर्णय भएको जानकारी समेत दिए । पत्रकार सम्मेलनमा जिल्ला उपाध्यक्ष हरेराम यादव, उपसचिव शम्भु यादवले पनि सञ्चारकर्मीहरुले राखेको जिज्ञासाको जवाफ दिएका थिए ।

यता असन्तुष्ट पक्षले पार्टीका व्यापक अगुवा कार्यकर्ताको भेलाले उमेश प्रसाद यादवको अध्यक्षतामा गठन गरेको समिति नै आधिकारिक रहेको दाबी गरेका छन् । जिल्ला प्रदेश र केन्द्र सम्मका नेता-कार्यकर्ताको व्यापक सहभागितामा गठन भएको नयाँ समितिले नै आधिकारिकता पाउँछ, मधेश प्रदेश समितिका उपाध्यक्ष शम्भु भाले भने- पार्टीको साख जोगाउन उमेश प्रसाद यादवको अध्यक्षतामा गठित समितिलाई नै मान्यता दिनु बाहेकको अर्को विकल्प छैन् ।

महिला नेतृ एवं जसपा राजनीतिक समिति सदस्य रेणु यादवको भनाइ पनि यस्तै छ । उनले भनिन-जिल्लादेखि केन्द्रमा नेतृत्व गर्नेहरुले लोकतान्त्रिक विधि त्यागेर मनोमानी र एकलौटी ढंगले हिँड्दा जनता र कार्यकर्ताको माग अनुसार नयाँ कार्यसमिति गठन गरिएको छ । नेतृत्वमा रहेको कमजोरीका कारण कार्यकर्तामासमेत नैराश्यता बढ्दै गएका कारण पार्टी नै धरासायी बन्न थालेपछि पार्टी जोगाउन यस्तो निर्णय लिनु परेको उनले प्रष्ट गरे ।

# खेलकुदको विकासका लागि विभिन्न योजना अघि बढेको छ : मन्त्री यादव

**टुडे समाचारदाता**

राजविराज । मधेश प्रदेशका शिक्षा मन्त्री महेश प्रसाद यादवले खेलकुद क्षेत्रको विकास भए विकास निर्माणको अन्य कामले पनि गति लिने बताएका छन् । क्रिकेट विकास प्रतिष्ठान राजविराज सप्तरीको विशेष साधारण सभाको शनिबार उद्घाटन गर्दै मन्त्री यादवले सो कुरा बताएका छन् ।



प्रदेशका तर्फबाट योग्य खेलाडी उत्पादन तथा प्रदेशलाई माथि उठाउनका लागि विभिन्न योजना अघि बढेको बताउँदै उनले खेलकुदको विकासले युवाहरुलाई कुलतबाट जोगाउनुका साथै विकास निर्माण र पर्यटनको विकासमा पनि टेवा पुऱ्याउने विश्वास व्यक्त गरे ।

राजविराजका राजरंगशालालाई नयाँ स्वरुप दिन प्रदेश सरकारले आवश्यक बजेट छुट्याइएको छ, यति मात्र होइन नेपाली टोलीले पनि स्तरीय प्रदर्शन गर्न थालेकाले क्रिकेट खेलको विकासका लागि पनि पर्याप्त बजेट व्यवस्था गर्न लागेको छ, मन्त्री यादवले भने-'खेलकुदको विकासका लागि प्रदेश सरकारले साधन, श्रोत र बजेटले भ्याएसम्म विभिन्न गतिविधि अघि बढाएको छ ।'

प्रदेश सभा सदस्य सतिश सिंहले खेलकुदको विकासको लागि जिल्ला जिल्लामा खेल पूर्वाधार निर्माणलाई प्राथमिकतामा राखेको बताए । मधेश प्रदेशको अर्थ समितिका संयोजक समेत रहेका सिंहले राष्ट्रका लागि चाहिने स्तरीय खेलाडी मधेश प्रदेशबाट उत्पादनका लागि आफूहरु मिलेर काम गरिरहेको बताए । विशेष साधारण सभामा प्रतिष्ठानका अध्यक्ष इन्द्रनारायण देवले स्थापनाको चार वर्षको अवधिमा क्रिकेट खेल टिमका लागि गरिएका गतिविधिहरु समेटिएको वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै क्रिकेट खेलको विकासको लागि आफूहरुले तयार पारेको खाकामा सहयोग गर्न सबैसँग आग्रह गरे ।

विशेष साधारण सभामा प्रस्तुत प्रतिवेदनमा चार वर्षको अवधिमा प्रतिष्ठानले दुई पल्ट जिल्ला स्तरीय अन्तर विद्यालय तथा डबल राउन्ड रोबिन टि-ट्वान्टी प्रतियोगिता र नगर तथा गाउँपालिकाका प्रमुखहरुको सहभागितामा अन्तरक्रिया लगायतका कार्यक्रम सम्पन्न गरेको उल्लेख गरिएको छ ।

शनिबार सम्पन्न विशेष साधारण सभाले इन्जिनियर देवको अध्यक्षतामा ११ सदस्यीय नयाँ कार्यसमिति समेत गठन गरेको छ । समितिको उपाध्यक्षमा गणेश कुमार आश, रामनारायण यादव, सचिव भोगेन्द्र चौधरी, सह सचिव नन्दकिशोर गुप्ता र कोषाध्यक्षमा अनिल कुमार चौधरी रहेका छन् ।

यस्तै सदस्यहरुमा मिरा देव, मन्जु देवी सारदा, नरेश प्रताप साह, बैजनाथ प्रसाद साह तथा संचार सचिवमा सन्जोग देवको चयन गरिएको प्रतिष्ठानले जनाएको छ ।

# हतियार देखाएर लुटपाट र डकैती

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको मिथिला नगरपालिका २ नक्टाभिजमा शुक्रबार राति एक घरमा डकैती भएको छ । स्थानीय रामकेवल महतोको घरमा डाँका समूहले राति करिब १२ बजेको समयमा घर पछाडिको बाटोबाट प्रवेश गरी लुटपाट र डकैती गरेको महतोले बताएका छन् ।

पाँचजनाको समूहमा हातहतियारसहित घरमा प्रवेश गरेको डाँकाले आफूमाथि पेस्तोल देखाएर नगद, सुनचाँदीको गरगहना लुटपाट गरेको पीडित महतोको भनाइ छ ।

प्रतिकार गर्न खोज्दा पेस्तोल ताकेर मार्ने धम्की दिएर मोबाइल फोन, श्रीमतीको मंगलसुत्र लुटपाट गर्दै घरमा रहेको दराज, पेटी फुटाएर नगद, गरगहनासमेत लुटेर लगेको उनको भनाइ छ । डाँका समूहले घरबाट नगद ५० हजार, डेढ तोला सुन, ३० तोला चाँदी र ३ सेट मोबाइल फोन लुटेर लगेको महतोले जानकारी दिए ।

यस क्रममा घटना बारे ईलाका प्रहरी कार्यालय महेन्द्रनगरमा जानकारी गराउँदा पनि राति १ बजे आएको र घटनाबारे जानकारी लिएर फर्केको स्थानीयले बताएका छन् ।

ईलाका प्रहरी कार्यालयले घटना सम्बन्धी जानकारी पाएपछि डाँका समूहको खोजतलासमा जुटेको जनाएको छ ।

# धनुषा र महोत्तरीको बजारमा तस्करीका पानमसला

**टुडे समाचारदाता**

जनकपुरधाम । पछिल्लो समय धनुषा र महोत्तरी जिल्ला तस्करहरुको लागि उर्वरभूमि बन्दै गएको छ ।



दुवै जिल्लाहरुको सीमावर्ति नाकाहरुबाट प्रहरीको मिलेमतोमा ठूलो परिमाणमा भन्सार छलेर सुर्तीजन्य पदार्थको धनुषाको जनकपुरधाम, सबैला, यदुकोहा, महोत्तरीको जलेश्वर, बर्दिबास, गौशालासहितका बजारमा भित्रिने गरेको पाइएको छ ।

भारतीय बजारबाट अवैध रुपमा पान पराग, रजनीगन्धा लगायतका गुटकाहरु अवैध रुपमा आयात भइ भित्रिने गरेकोले सरकारको लाखौं रुपैयाँ गुम्दै गइरहेको छ ।

छिमेकी मुलुक भारतको जयनगर, बासोपट्टी, उमगाँव, मधुवापुर, भिठ्ठामोड, सुरसण्ड लगायतको बजारबाट तस्कर हरुले दैनिक एक करोडभन्दा बढी मूल्यको रजनीगन्धा, पान पराग, राजनिवास, तुलसी, जर्दालगायत विभिन्न प्रकारको पान मसाला तस्करी गरी यस क्षेत्रका नेपाली बजारमा भित्र्याउने गरेको स्थानीय व्यापारीहरुको भनाइ छ ।

फुटकर तस्करहरुले साइकल र मोटरसाइकलबाट यस्ता सुर्तीजन्य पदार्थहरु भित्र्याउने गरेका छन् । उनीहरुले यस्ता सामानहरु पान पसल, चिया पसल, किराना पसललगायतका पसलहरुमा दिने गरेका छन् । पान पराग, रजनीगन्धा, तुलसीलगायत सुर्तीजन्य पदार्थमा अत्यधिक भन्सार भएकोले भन्सार छलेर चोर बाटो हुँदै लुकाई छिपाई ल्याउने गरिएको छ ।

जलेश्वर भन्सार कार्यालयका सूचना अधिकारी सुमित गुप्ताका अनुसार हालसम्म यस्ता पदार्थको भन्सार काटिएको रेकर्ड छैन् । खुल्ला सीमाको कारण यस्ता सामानहरु चोरी पैठारी भइ नेपाली बजारमा आउने गरेको उनले बताए ।

सुर्तीजन्य पदार्थको कुलत युवा पुस्तामा बढ्दै गएको छ भने अर्कोतिर सरकारको राजस्वसमेत गुम्दै गएको छ ।

भारतबाट पान मसला ल्याउने कार्यमा एकसयभन्दा बढीको संलग्नता रहेको व्यापारीहरु बताउँछन् ।

# वीरगञ्ज गोल्डकपको उपाधि नेपाल पुलिस क्लबलाई

**टुडे समाचारदाता**

वीरगञ्ज । प्रथम वीरगञ्ज गोल्डकपको उपाधि विभागीय टिम नेपाल पुलिस क्लबले अर्को विभागीय टिम त्रिभुवन आर्मी क्लबलाई ट्राई बेकरमा पराजित गर्दै हात पारेको छ ।

शनिबारदेखि वीरगञ्जमा सुरु भएको मधेस प्रदेशकै ठूलो पुरस्कार राशिको ' वीरगञ्ज गोल्डकप -२०८०' फुटबल प्रतियोगिताको फाइनल खेलमा नेपाली सेनाको त्रिभुवन आर्मी क्लबलाई ट्राई बेकरमा हराउँदै नेपाल प्रहरीको नेपाल पुलिस क्लबले उपाधि जितेको छ ।



नेपाल पुलिस क्लबले खेलको पुरै अवधिमा निकै दवाब दिए पनि खेल अवधिभर कुनै गोल हुन नसकेपछि उपाधिका लागि खेल ट्राई बेकरमा गएको थियो । त्रिभुवन आर्मी क्लबका वसन्त जिम्बाले प्रहार गरेको बल पोष्टबाट बाहिर गएको थियो भने जितेन्द कार्की, सन्तोष के.सी. र विमल पाण्डेको प्रहारलाई नेपाल पुलिस क्लबका गोलकिपर शत्रुधन चौधरीले रोक्न सफल भएका थिए ।

नेपाल पुलिस क्लबका लागि बुद्ध तामाङ, राम वाजीले प्रहार गरेको बल गोलमा परिणत भएको थियो भने उज्जवल राईले प्रहार गरेको बललाई त्रिभुवन आर्मीका गोलरक्षक विकेश कुथुले रोकेका थिए । नेपाल पुलिस क्लबलाई उपाधि जित्नका लागि बुद्ध तामाङ, राम वाजीको गोल नै निर्णायक बनेको थियो ।

नेपाल पुलिस क्लबका गोलकिपर शत्रुधन चौधरीले म्यान अफ दि म्याचको दस हजार नगद र बेष्ट गोल रक्षकको २० हजार पुरस्कार जित्न सफल भए । नेपाल पुलिस क्लबकै प्रताप गुरुङले म्यान अफ द सिरिजको उपाधि प्राप्त गर्दै ५० हजारको पुरस्कार पाए ।

नेपाल पुलिस क्लबका कोच चेतन राई उत्कृष्ट प्रशिक्षक घोषित भए भने नेपाल पुलिस क्लबकै उज्जवल राई बेष्ट मिड फिल्ड घोषित हुँदै २० हजार पुरस्कार जित्न सफल भए । त्रिभुवन आर्मीका विमल पाण्डेले बेष्ट डिफेन्स स्वरुप २० हजार हात पारे ।

विजेता नेपाल पुलिस क्लबलाई नगद ११ लाख ११ हजार १ सय ११ रुपैयाँ र उपविजेता त्रिभुवन आर्मी क्लबलाई नगद ५ लाख ५५ हजार ५ सय ५५ रुपैयाँ पुरस्कारसहित ट्रफी, प्रमाणपत्रलगायत प्रदान गरिएको थियो । यसअघि वीरगञ्जमा ७४ र ७५ भएको विशाल मेमोरियल गोल्डकपको उपाधि त्रिभुवन आर्मी क्लबले जितेको थियो ।

# दुई सय ९० किलो गाँजासहित २ जना पक्राउ

**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीको सम्सी-५ स्थित देवीस्थानबाट २ सय ९० केजी गाँजासहित २ जना पक्राउ परेका छन् ।

सम्सीबाट जलेश्वरतर्फ गइरहेकोना०५ख.९७११ नम्बरको ट्रकमा चालकको सिट पछाडि रहेको फल्स बटनमा लुकाइछिपाइ राखिएको १९ पोका गाँजा नियन्त्रणमा लिएको महोत्तरी प्रहरीले जनाएको छ ।



गाँजा लिएर हिँडेको ट्रकसहित चालक मकवानपुर बकैया घर भएका २५ वर्षका लिलाबहादुर थिङ र हेटौंडा उपमहानगरपालिका-१३ बस्ने सहचालक राजेश घलानलाई पनि नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी नायब उपरीक्षक दिलीपकुमार गिरिले जानकारी दिए ।

पक्राउ परेका चालक र सहचालकलाई थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालयमा राखी अनुसन्धान अघि बढाइएको प्रहरीले बताएको छ । विशेष सुराकीको आधारमा नियन्त्रणमा लिएको ट्रक पनि प्रहरी कार्यालय परिसरमै राखिएको गिरीले बताए ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८